# नक्कली क्रान्तिकारीहरू माओवादी हुन् या सी.आई.ए. को जाल ?

तुल्सीलाल अमात्य

हाम्रो देशमा विभिन्न प्रकारको तथाकथित माओवादी दलहरू देखा परेका छन् । आफूलाई माओवादी भनेर पनि यिनीहरू विभिन्न स-साना ग्रुपहरूमा विभक्त छन् । यिनीहरूसँग कुनै राजनीति छैन, न त यिनीहरू मध्ये धेरै जसोसँग कुनै कार्यक्रम नै छ । आफूलाई माओवादी भन्नु र यसको प्रमाणको रूपमा सोभियत संघको विरोध गर्नु अनि नेपाल कम्युनिष्ट पार्टीलाई टुक्रा टुक्रा गरेर मिल्न नदिनु, राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने राजनीतिको विरोध गर्नु र गैर पूँजीवादी बाटोको विरोध गरी पूँजीवादी विकासको पैरबी गर्नु, तात्कालिक कार्यक्रमको नाउँमा किसानमा सामन्ती जमिन वितरण गर्ने र ऋण खारेज गर्ने कुरोको विरोध गर्नु यही यिनीहरूको राजनीति हो । हाम्रो समस्या के हो र यी समस्याहरू कसरी समाधान गर्ने र नेपालमा सामाजिक परिवर्तन कसरी ल्याउने भन्ने कुरोसँग यिनीहरूको कुनै खास मतलब छैन ।

यी नामधारी माओवादीहरूले कम्युनिष्ट पार्टीप्रति नै घृणा फैलिने गरी अनेक अनैतिक कार्यहरू गर्दै छन् । तास जूवा खेल्नु र अरूहरूमा पनि यसको प्रचार र प्रोत्साहन गर्नु, रक्सी खानु र न खानेहरूमा पनि यसको आतल पार्नु, स्त्री स्वतन्त्रताको नाउँमा अर्काको आईमाईहरूको चरित्र बिगार्नु र अनैतिक कार्यमा संलग्न हुनु, मूर्ति चोरी गर्नु र डाकाजनी गर्नु, जसले जे खाँदैन उसलाई त्यही चीज जबरजस्ती खुवाउन र बीच-बीचमा चीनले पठाएको पैसा भन्दै प्रतिक्रियावादीहरूले दिएको पैसाले जाँड, रक्सी र मासुको भोज गर्नु कहीँ कहीँ यस्तो भोजहरूमा सी.डी.ओ. र अञ्चलाधीशहरू पनि सामेल हुनु र अनि खाई पिई सकेपछि मिटिङ्ग सिद्धियो र अब हामीहरू माओवादी कम्युनिष्ट भयो भन्दै मिटिङ्ग टुंग्याउनु के यी सबै कार्यहरू का. माओले सिकाएका कार्यहरू हुन् ? यी कार्यहरू अमेरिकी साम्राज्यवाद बाट शिक्षा दीक्षा पाएकी यो एकतन्त्री हुकुमतले नेपालमा आफ्नो शोषण र दमन स्थायी बनाउनको निम्ति नेपाली जनताको नैतिक बल खतम गर्ने उद्देश्यले प्रचार गरिएको कुरोहरू हुन् ।

यिनीहरूको अलावा अर्को दुईटा माओवादी गुटहरू आफ्नै किसिमको राजनीति र कार्यक्रम लिएर अगाडि आएका छन् । (क) पुष्पलाल गुट र (ख) मोहनबिक्रम गुट जसलाई न्यूक्लस गुट वा छपाली गुट पनि भनिन्छ, यिनीहरूले 'मशाल' पत्रिका निकालेका छन् । यसै निम्ति यिनीहरूलाई नयाँ मशालवादी गुट पनि भन्न सकिन्छ । यसपछि यिनीहरू कुन नाउँले अगाडि आउने हो भन्न सकिन्न, यिनीहरूको सहश्र नाम हुनसक्छ तर गुट एउटै हो । अस्तु ।

यी दुबै गुटहरूको राजनीति हाम्रो अगाडि छ । यी दुबै गुटहरूको राजनीति माथि उल्लेख गरिएको विभिन्न तथाकथित माओवादी दलहरूको राजनीतिसँग सार रूपमा हेर्ने हो भने कुनै फरक छैन । पुष्पलालबारे 'नेपाल कम्युनिष्ट आन्दोलनमा देखा परेको

मतभेदहरू' नामक पुस्तिकामा विस्तृत रूपले विश्लेषण भईसकेको छ । मोहनबिक्रमको नेतृत्वमा न्यूक्लस गुटबारे पनि उही पुस्तिकामा पन्ना ५१ देखि पन्ना ७० सम्ममा धेरै जसो कुरोहरू गईसकेको छ ।

यी दुबै गुटले आफूलाई माओवादी भनेता पनि यिनीहरूले का. माओको विचारलाई निमोठी यसलाई विकृत रूपमा पेश गरेका छन् । यिनीहरू दुबैले माओवादीको नाममा आफ्नो कार्यक्रमलाई 'नयाँ जनवाद' भन्ने गरेका छन् । तर यिनीहरू दुबै गुटले पूँजीवादी प्रजातन्त्रलाई नै 'नयाँ जनवाद' हो भन्ने भ्रम दिने अवसरवादी चाल खेलेका छन् । का. पुष्पलालले का. माओको भनाई भनि आफ्नो 'सिंहावलोकनको पन्ना ७ मा भन्दछन् ।' माओले क्रान्तिलाई दुई चरणमा विभक्त गर्नु भएको छ । एक पूँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्नु र त्यसपछि समाजवादी क्रान्ति । मोहनबिक्रम गुटले पनि यस्तै कुरा गरेका छन् । वहाँहरूले आफ्नो बैशाख २०३४ को मशालमा लेखेका छन्, साँच्चै नै हाम्रो कार्यनीतिले पूँजीवादी जनवादी अधिकार नै खोजेको र त्यसलाई रक्षा गर्न कबुल पनि गरेको हो । 'नयाँ जनवादी क्रान्तिको स्वरूप नै पूँजीवादी जनवादी हुन्छ र हुनै पर्छ ।' वहाँहरू फेरी लेख्नु हुन्छ, 'पूँजीवादी जनवादी अधिकार र समाजवादी अधिकारको बीचमा तेश्रो अधिकार हुन सक्दैन ।' चीनको नयाँ जनवादी क्रान्तिको कुरो गर्दा का. माओले 'पूँजीवादी अधिकारकै कुरा गर्नु भएको छ ।'

स्पष्टतः मोहन गुटले पनि पुष्पलाल गुटले झैं 'नयाँ जनवाद' र पूँजीवादी प्रजातन्त्रको भेदलाई लोप गरी 'पूँजीवादी प्रजातन्त्र' नै नयाँ जनवाद हो भन्ने भ्रम दिने काम गरिरहेको छ ।

का. माओले 'गुट' र 'गोबर' एउटै हो भन्ने कुरो कहिल्यै गरेनन् र वहाँले पूँजीवादी प्रजातन्त्र र 'नयाँ जनवाद' मा के फरक छ भन्ने कुरो स्पष्टसँग लेखेर भनेका छन्, 'उपनिवेशिक र अर्ध उपनिवेशिक देशहरूको क्रान्तिहरूमा तेश्रो रूपको राज्य व्यवस्था स्वीकार गर्नु पर्छ, त्यो हो 'नयाँ जनवादी गणतन्त्र' का. माओले यसकोबारे भनेका छन् । यसको सामाजिक चरित्र धेरै अगाडि नै सर्वहारा समाजवादी विश्व क्रान्तिको अंग भइसकेको छ । का. माओले यो पनि भनेका छन्, 'हाम्रो क्रान्तिको पहिलो चरणया कदम चीनियाँ पूँजीपति वर्गको अधिनायकत्वमा पूँजीवादी समाज स्थापना गर्ने होइन र हुन पनि सक्दैन, बरु चीनियाँ सर्वहाराको नेतृत्वमा नयाँ जनवादी समाज स्थापना गर्नु हो ।' स्पष्टतः यो समाज सर्वहारा वर्गको नेतृत्वमा पूँजीवादी समाज होइन बरु सर्वहारा वर्गको नेतृत्वमा 'नयाँ जनवादी समाज हो, जसको सामाजिक चरित्र पूँजीवादी समाज होइन, नयाँ प्रकारको समाज हो र यो व्यवस्था सर्वहारा समाजवादी समाजको नजदिकको व्यवस्था हो । का. माओ भन्नु हुन्छ, 'यसले समाजवादको विकासको निम्ति फराकिलो बाटो साफ गर्ने छ ।'

जहाँ का. माओले 'नयाँ जनवाद'को 'सामाजिक चरित्र' र 'पूँजीवादी प्रजातन्त्र' को सामाजिक चरित्रमा फरक देखाउनु हुन्छ, वहाँ पुष्पलाल गुट र मोहन गुटले पूँजीवादी

प्रजातन्त्र र समाजवादी प्रजातन्त्रको बीच कुनै नयाँ अधिकार हुन सक्दैन भनी पहिले पूँजीवादी प्रजातन्त्रमा नै जोड दिएका छन् ।

जहाँ का. माओले भनेका छन्, 'नयाँ जनवाद' न पूँजीवाद प्रजातन्त्र हो, न समाजवादी प्रजातन्त्र हो । वहाँको भनाई हो, खास गरी १९१७ को अक्टोबर क्रान्तिपछि पूँजीवादी प्रजातान्त्रिक क्रान्ति बितिसकेको जमानाको क्रान्ति हो । वहाँको भनाई हो, पूँजीवादी प्रजातन्त्र अब जरुरत छैन तर समाजवाद पनि अहिले सम्भव छैन । यसै निम्ति यो पूँजीवादी प्रजातन्त्र भन्दा भिन्नै किसिमको र पूँजीवादी प्रजातन्त्रभन्दा अगाढि बढेको र समाजवादभन्दा पहिलेको व्यवस्था हो । यो तेश्रो किसिमको व्यवस्था हो ।

स्पष्ट छ, का. माओले अगाडि बढाएको 'नयाँ जनवाद' र पुष्पलाल गुट र मोहन गुटले अगाडि बढाएको नयाँ जनवादको बीच दिन र रातको फरक छ । वहाँहरूले नयाँ जनवादको आत्मामारी नयाँ जनवादको खोल मात्र बाँकि राखी यसभित्र भूसा भरिदिएको छ । खोल नयाँ जनवादको यसभित्र राजनीति पूँजीवादी प्रजातन्त्र को । स्पष्टतः यो राजनीति धोका मात्र हो । वहाँहरूले नयाँ जनवादको बहानामा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने राजनीतिको विरोध गर्ने बाटो मात्र निकालेका हुन् ।

आश्चर्य छ, आज आफूलाई माओवादी हुँ भनी धकोसला गर्ने अरू विभिन्न प्रकारको माओवादीहरूले मात्र होइन पुष्पलाल गुट र मोहन गुटले पनि सत्य र तथ्यबाट मुख मोडी अमेरिकी झूठको आधारमा 'राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने राजनीति' लाई संशोधनवादी भनी यसको बदला 'नयाँ जनवाद'को धकोसला गरी यस 'नयाँ जनवाद'को राजनीतिलाई पनि निमोठेर पूँजीवादी प्रजातन्त्र नै नयाँ जनवाद हो भनी झूठ माथि झूड थपि पूँजीवादी प्रजातन्त्रमा जोड दिएका छन् । गैर पूँजीवादी आर्थिक विकासको विरोध गरी पूँजीवादी आर्थिक विकासमा जोड दिएका छन् ।

द्वन्द्वात्मक भौतिकवादको एक मूल सिद्धान्त हो कि विश्व ब्रम्हाण्डको सम्पूर्ण पदार्थ परिवर्तनशील छ । यसै निम्ति विभिन्न देशहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिहरू सधैं भरी एउटै रहँदैन । यस बदलिँदो स्थितिमा विभिन्न देशहरूले लिइने राजनीतिमा परिवर्तन हुनु स्वाभाविक हो । अरू भौतिक पदार्थहरू मात्र होइन, विचारधारा, सिद्धान्त र राजनीतिक क्षेत्रमा पनि परिवर्तन र विकास भईरहेकै हुन्छ । जीवनको यही लक्षण हो । जीवित पदार्थले आफ्नो विकासलाई चाहिने नयाँ चीजहरू ग्रहण गर्ने र नचाहिएको पदार्थ त्याग्ने काम गर्दछ । जब त्यो प्राणी मर्छ अनि यो उपापचयन (Metabolism) बन्द हुन्छ । निर्जीव पदार्थले आफ्नो विकासको निम्ति चाहिने पदार्थ ग्रहण गर्ने र नचाहिने पदार्थ छोड्न सक्दैन । यस्तै विचार र सिद्धान्तको क्षेत्रमा पनि जो मृत विचार छ त्यसले बस्तु स्थितिको विश्लेषण गरी कुन कुरो सही छ कुन कुरो गलत छ छानबिन गरी सामाजिक विकासको निम्ति चाहिने सही कुरो ग्रहण गर्ने बदलिँदो स्थितिमा पुरानो पनि सकेको विचारलाई त्याग्न सक्दैन । यसरी बस्तुस्थितिको विश्लेषण गर्ने शक्तिको अभावमा

विचार र सिद्धान्तको क्षेत्रमा कठमुल्लावादले जन्म लिन्छ । कठमुल्लावादीहरूले कुन नयाँ स्थितिमा कुन नयाँ सिद्धान्त लागू गर्ने भन्ने कुरा बुझ्न सक्दैन र उही पुरानो परिसकेको कुरा रट लगाएर बसेको हुन्छ । भारत वा नेपालको पण्डितहरूको पतनको पनि यही कारण हो । संसार कहाँ पुगी सक्यो उनीहरूलाई थाहा छैन । उनीहरूले अहिलेसम्म उही पुरानो मन्त्र पक्रेर बसेका छन् । जसको फलस्वरूप उनीहरूको उपयोगिता नै खतम भएर गयो र उनीहरू सामाजिक विकासको बाटोमा रोडाको रूपमा नै देखिन आयो । कठमुल्लावादीहरूलाई यस्तै पुरान पण्ठी पण्डितहरूसँग तुलना गर्न सकिन्छ । हाम्रा देशका ती तथाकथित माओवादीहरू यस्तै कठमुल्लावादीहरू हुन् । तिनीहरूले १९१७ को अक्टोबर क्रान्तिभन्दा पहिलेका विचारलाई अहिलेसम्म छोड्न सकेका छैनन् र यसै निम्ति उनीहरूले आफ्नो रणनीतिलाई आजसम्म पूँजीवादी प्रजातन्त्रलाई नै बनाई राखेका छन् । यसले नपुगी उनीहरूले तत्कालीन कार्यनीति भनी कसैले पूँजीवादी पार्टीको पिछलग्गु बन्ने नीति लिएका छन् भने कसैले राजासँगको सम्झौता परस्त नीति अपनाएका छन् । र उनीहरूले पूँजीवादी प्रजातन्त्रलाई नै नयाँ जनवाद भनेका छन् । जब की 'नयाँ जनवाद' रुसमा भएको १९१७ को अक्टोबर क्रान्तिले विश्वमा ल्याएको परिवर्तन ( विश्वको एक छठा भागमा मजदूर वर्गको राज खडा हुनु) ले ल्याएको नयाँ राजनीति हो । यो 'नयाँ जनवाद' 'पूँजीवादी प्रजातन्त्र' लाई बितिसकेको जमानाको राजनीति हो भनी यसलाई नामञ्जुर गरी यसको बदला क्रान्तिको पहिलो चरणको रूपमा देखा परेको हो । सो बदलिँदो स्थितिमा पूँजीवादी प्रजातन्त्रलाई नामञ्जुर गरी नयाँ जनवादको सम्भावना का. स्तालिनले सबैभन्दा पहिले देखाएको हो । अक्टोबर क्रान्ति भएको ६० बर्ष भई सक्यो । यस बीचमा अन्तर्राष्ट्रिय स्थितिमा अझ ठूलो परिवर्तन आईसकेको छ । अब समाजावदी खेलमा धेरै नै सुदृढ र व्यापक भईसकेको छ । यो अन्तर्राष्ट्रिय राजनीतिक रंगमञ्चमा निर्णायक शक्तिको रूपमा देखा परेको छ । साम्राज्यवादी शक्ति कमजोर भएर आज अर्काको देशमा सिधैं कब्जा गरी राज गर्ने स्वप्न छोडिसकेको छ । र यसै निम्ति उनीहरूले आजकल नव-उपनिवेशवादी रूप लिएका छन् । सिंह बाट बदली उनीहरू अब ब्वाँसो भएका छन् । उनीहरूको यस नयाँ चाललाई नजर अन्दाज गर्ने सवाल छैन । यसै निम्ति पिछडिएको देशहरूमा राष्ट्रियताको भावना फेरी पनि उत्तिकै जरुरत छ ताकि न देखिने चाल लिएर घुस्ने नव-उपनिवेशवाद प्रति ती देशहरूको जनता सजग रहुन् ।

यस बदलिँदो स्थितिमा अन्तर्राष्ट्रिय कम्युनिष्ट सम्मेलनले एकै मतले अब 'नयाँ जनवाद' को सट्टा 'राष्ट्रिय प्रजातन्त्र' को राजनीति अगाडि बढाएका हुन् ।

यो एक देशको राजनीति नभई विश्व कम्युनिष्ट आन्दोलनले अगाडि बढाएको नयाँ राजनीति हो जुन राजनीतिले अरू कुराहरूमा 'नयाँ जनवाद'सँग मिलेर पनि यसले साम्राज्यवादको नव-उपनिवेशवादी चरित्रप्रति सजग गराएर आर्थिक क्षेत्रमा पूँजीवादको विकास नगरी गैर-पूँजीवादी बाटो बाट आर्थिक विकास गर्ने नीतिमा विशेष जोड दिएको छ ।

चाहे चीनको कम्युनिष्ट पार्टी होस् या भियतनामको कम्युनिष्ट पार्टी सबैले आजको स्थितिमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिमा नै जोड दिएको छ । हालै सम्पन्न भएको दक्षिण भियतनामको क्रान्ति 'राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति'को रूपमा नै सम्पन्न भएको हो । स्वयं चीनको कम्युनिष्ट पार्टीले प्रकाशित गरेको विभिन्न पुस्तिकाहरूले आजको स्थितिमा 'राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति' पूरा गर्ने कुरोमा नै जोड दिएका छन् । ( भियतनाम क. पा. को चौथो कांग्रेसको प्रस्ताव) ।

चीनको कम्युनिष्ट पार्टीले ३ पटकसम्म प्रकाशित गरेको 'लोक बुद्धको विजय अमर रहोस्' भन्ने पुस्तिकाहरूले मात्र होइन चीनियाँ कम्युनिष्ट पार्टीले लेखेको १४ जुनको चिठ्ठी र अरू पनि दस्तावेजहरूमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने राजनीतिमा जोड दिएको छ । १४ जुनको चिठ्ठीमा लेखिएको छ, 'यी इलाकाहरूमा ( अर्थात् एसिया, अफ्रिका र ल्याटिन अमेरिकाको देशहरूमा) राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिकारी आन्दोलन र अन्तर्राष्ट्रिय समाजवादी क्रान्तिकारी आन्दोलन हाम्रो समयको दुइटा ठूलो ऐतिहासिक धारहरू हुन् । यी इलाकाहरूमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति आजकलको सर्वहारा विश्व क्रान्तिको महत्वपूर्ण अङ्ग हो ।' 'लोक युद्धको विजय अमर रहोस्' भन्ने पुस्तिकामा लेखिएको छ, 'संशोधनवादीहरूको उद्देश्य राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिलाई भत्ताभुङ्ग पार्नु हो, र यिनीहरूले यी सबै कार्यहरू साम्राज्यवादको सेवामा गरेको हुन्छ ।'

चीनियाँ कम्युनिष्ट पार्टीको माथी उदृत लाइनले साफ गर्दछ आजकल माओवादको नाममा देखा परेकाहरू माओवादको मुकुण्डो लाएर आएका नक्कली क्रान्तिकारीहरू हुन् र यिनीहरूको उद्देश्य नेपालमा सामाजिक परिवर्तन ल्याउने क्रान्ति पूरा गर्ने नभई यिनीहरूको उद्देश्य हो राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिमा अड्गा हाल्नु । यिनीहरू यसरी राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति हुन नदिई साम्राज्यवाद र विश्व प्रतिक्रियावादको सेवा गर्न आएका संशोधनवादीहरू हुन् ।

यिनीहरूले माओवादको धकोसला गरी का. माओको भावनाको बिल्कुल विपरीत काम गरी, राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने राजनीतिको विरोध गरी, 'नयाँ जनवाद' को चरित्रलाई निमोठी नेपाली जनतालाई पूँजीवादमा जाने कुबाटो देखाई रहेका छन् ।

जहाँ का. माओले पूँजीवादी प्रजातन्त्रलाई नामञ्जुर गरी नयाँ जनवादलाई क्रान्तिको पहिलो चरणको रूपमा अगाडि बढाएका छन्, यी नक्कली क्रान्तिकारीहरू का. माओको कुरो उल्टाएर पूँजीवादी प्रजातन्त्रमा जोड दिन पुगेका छन् । जहाँ का. माओले 'नयाँ जनवादी' क्रान्ति पूरा गर्नको निम्ति निरन्तर रूपले सैद्धान्तिक, राजनैतिक र संगठनात्मक तयारी गर्दै जाने कुरोमा जोड दिएका छन्, यी नक्कली क्रान्तिकारीहरूले यस जिम्मेदारीबाट भागी तात्कालीन राजनीतिको नाउँमा सम्झौता परस्त राजनीतिलाई अगाडि बढाउने काम गरेका छन् । यसरी उनीहरू माओवादलाई बुझी कमसे कम नयाँ

जनवादप्रति भए पनि इमान्दार भइ आएका होइन, माओवादको मुकुण्डो बढी नेपालको राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति भताभुङ्ग गर्न आएका संशोधनवादीहरू हुन् ।

वहाँहरूको राजनीतिमा सबैभन्दा मर्काको कुरा त यो छ कि दुबै गुटहरूले यस्तो पूँजीवादी प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने खालको राजनीति पनि अहिले सम्भव छैन भनी पुष्पलालले नेपाली कांग्रेसको पुच्छर बनेर पहिले कै जस्तो शक्तिहीन संसदीय व्यवस्थाको मागसम्म आफ्नो राजनीति सीमित राख्ने काम गरेका छन् भने मोहन बिक्रमजीले राजाको दया मायामा 'देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार'को नाउँमा उनीहरूको आफ्नो मन्त्रिमण्डल बनि हल्ला की भनी र्‍याल चुहाएर बसेका छन् । यो माग गर्दा वहाँहरूले एउटै सांसमा दुई कुरोहरू गर्नु हुन्छ । एकातिर वहाँहरू भन्नुहुन्छ, यो देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार त क्रान्ति पूरा गरी स्थापना हुने हो । अर्कातिर वहाँहरू भन्नुहुन्छ, 'हाल हामीसँग संगठित, अनुशासित शक्तिशाली र माझिएको पार्टी छैन ।'

एकातिर हाल वहाँहरूसँग क्रान्ति पूरा गर्न सक्ने शक्ति छैन भन्नु र यसै कारणलाई देखाएर तात्कालीन राजनीतिको नाउँमा 'देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार'को माग गर्नु अनि अर्कातिर हडबडाएर एकै सासमा यो सरकार क्रान्ति पूरा गरेर स्थापना हुने छ भन्नु, यो कस्तो माकुरोको जालभन्दा पनि अल्मलाउने जाल हो ? आफूले अवसरवादी राजनीतिक लिएर पनि आफूलाई क्रान्तिकारी देखाउने योभन्दा उत्तम चाल अरू के होला ? तर खेदको कुरो छ कि वहाँहरू आफूले बुनेको जालमा आफैं फसी वहाँहरूको 'देशभक्त र जनतान्त्रिकहरूको सरकार' क्रान्ति पूरा गरेर होइन, राजाको सदिच्छामा तुल्सी गिरी, कीर्तिनिधी बिष्टको बदला विश्वेश्वरजी द्वारा होइन, छपाली गुट द्वारा सरकार चलाउन दिइयोस् भन्ने माग मात्र हो । यसै निम्ति नै आफूद्वारा स्थापना हुने 'देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार' मातहतमा वहाँहरूले न किसानलाई जमिन दिने कुरा गर्नु हुन्छ, न त किसानहरूको ऋण खारेज गर्ने योजना नै राख्नु हुन्छ । विदेशी पूँजीको चङ्गुलबाट नेपाललाई मुक्त गर्ने कुरा पनि वहाँहरूले गर्नु हुन्न । वहाँहरूले मौखिक रूपले क्रान्ति पूरा गरी स्थापना गर्ने त्यो देश भक्तहरूको सरकारको मातहत गरिने कार्यक्रममा नत साम्राज्यवाद उपनिवेशवाद नव-उपनिवेशवादबाट देशलाई मुक्त गर्ने कुनै योजना छ, न त विश्वव्यापी रूपमा फैलिएको अमेरिकी सी.आई.डी. विभागको त्यो खुँखार सी.आई.ए. को जाल नै नेपालबाट हटाइनु पर्छ भन्ने पक्षमा वहाँहरू हुनुहुन्छ ।

वहाँहरू भन्नुहुन्छ, यो त हाम्रो तात्कालिक कार्य नीति हो । रणनीति र कार्यनीतिको भेद बुझ्नको निम्ति वहाँहरूले हामीलाई मार्क्स, एंगेल्स, लेनिनलाई दोहोर्‍याएर पढ्ने सल्लाह दिनुहुन्छ । मार्क्स, एंगेल्स, लेनिनलाई दोहोर्‍याएर पढ्न सल्लाह दिनु भएकोमा धन्यबाद छ । तर याद गर्नुपर्ने कुरो के छ भने यदि कसैले सर्वहारा वर्गीय दृष्टिकोण न अपनाएर निम्न पूँजीवादी दृष्टिकोण अपनाउँछन् भने यस्तो पढाईले शोषक वर्गलाई नै फाइदा पुर्‍याई रहेको हुन्छ । यसै निम्ति हेर्नु यो छ कि वहाँहरूको त्यो

कार्यनीतिले कुन वर्गको सेवा गरिरहेको छ । स्पष्ट छ, वहाँहरूको त्यो कार्यनीति सामन्त परस्त, पूँजीवादी परस्त र साम्राज्यवादको सेवा गर्ने खालको कार्य नीति हो ।

पुष्पलालजीको पनि तरिका हो सर्वप्रथम रणनीतिबारे जोडतोडसँग ब्याख्या गरी सकेपछि यो अहिले हुन सक्दैन भनी एक तर्फ कार्यनीतिमा जोड दिई पार्टीलाई नेपाली कांग्रेसको पुच्छर बनाउने । अर्कातिर मोहनबिक्रमजीले पनि यही तरिका अपनाएर, आज तुरुन्तै जनवादी सरकारको स्थापनाको नारा दिनु परिस्थिति तयार भएको छैन । भनी जनतान्त्रिक सरकारको नारा चाहीँ दिने बेला नै यही हो र दिनु पर्छ । भनी 'देशभक्त र जनतान्त्रिक सरकारको कुरो उठाएका छन् । यसको कारण देखाएर वहाँहरू यो भन्नु हुन्छ की हाल हामीसँग संगठित, अनुशासित, शक्तिशाली र माझिएको पार्टी छैन ।' (२०३४ बैशाखको मशाल पन्ना ७ र ८)

मोहनबिक्रमजी अक्सर आफ्नो कुरो राख्दा एकै सासमा दुई विपरीत कुराहरू गर्नु हुन्छ । वहाँहरू एकातिर भन्नुहुन्छ हामीसँग माझिएको पार्टी छैन अर्थात् क्रान्ति पूरा गर्न सक्ने पार्टी छैन, यसै निम्ति तत्कालको लागि यस्तो सरकार देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार हुनेछ ।

तर अर्कातिर उही सासमा यो पनि वहाँहरू भन्नु हुन्छ, 'यस्तो सरकार निश्चित रूपले राजतन्त्रअन्तर्गत बन्ने सरकार हुने छैन । त्यस कारण यो गणतान्त्रिक सरकार हुने छ । चौथो महाधिवेशनले निरंकुश राजतन्त्र र पञ्चायती प्रजातन्त्रको अन्त र त्यसपछि देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकारको स्थापनाको कुरा गरेको छ । (टी.एल. माथि लेखेको लेखको पन्ना ९ मा)

एकातिर क्रान्ति पूरा गरेर मात्र स्थापना हुन सक्ने सरकारको रूपमा 'देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार' को स्थापना गर्ने कुरा गर्नु अर्कातिर हाल हामीसँग क्रान्ति पूरा गर्नसक्ने पार्टी छैन भनी तात्कालिक राजनीतिको रूपमा उही देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकारको माग गर्नु के यो हाँसो लाग्दो बचपना राजनीति होइन ?

जहाँ क्रान्ति पूरा गर्न सक्ने शक्ति छैन, वहाँ तात्कालिक नाराको रूपमा अगाडि बढाइएको यो 'देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार' क्रान्ति पूरा गरेर होइन, राजासँग समझौता गरेर सिबाय अरू तरिकाले स्थापना हुनै सक्दैन । यसै निम्ति यो गणतान्त्रिक सरकार पनि हुन सक्दैन । यसै निम्ति यो सरकार क्रान्ति पूरा गरेर स्थापना हुनेछ र यो गणतान्त्रिक सरकार हुने छ भन्नु राजनीतिक झूठ सिबाय अरू केही होइन ।

वहाँहरू भन्नु हुन्छ यो 'देशभक्त र जनतान्त्रिक शक्तिहरूको सरकार' किसान क्रान्ति पूरा गरेर स्थापना हुने हो । अर्कातिर यस्तो सरकारले पूरा गर्ने कार्यक्रममा ३३ वटा बुँदाहरू छन् जसमा किसानलाई मोहियाना हक दिनेभन्दा अरू कुरा छैन । वहाँहरू

भन्नुहुन्छ यो 'हाम्रो तात्कालिक कार्यक्रम हो र यो नारा निर्णायक क्रान्तिको तयारीको लागी किसानहरूको चेतना संगठन र संघर्षको स्तर उठाउनको लागी तिनीहरूमाथि जोड दिईरहेका छौं ।'

वहाँहरू सर्वप्रथम त किसान क्रान्ति पूरा गरी देशभक्त र जनतान्त्रिक शक्तिहरूको स्थापना गर्नु हुन्छ, अनि बल्ल मोहियाना हकको निम्ति संघर्ष गराएर किसानहरूको चेतना बढाउनु हुन्छ र अनि, निर्णायक क्रान्ति गर्ने कुरो गर्नु हुन्छ । सर्वप्रथम किसान क्रान्ति पूरा गर्ने अनि मोहियाना हकको चेतना दिने यो कस्तो पागलपन्थी बचपना सोचाई हो ? अर्कातिर वहाँहरूको नेतृत्वमा किसान क्रान्ति पूरा गरी स्थापना हुने गणतन्त्रात्मक राज खडा गरी सकेपछि फेरी निर्णायात्मक क्रान्ति कुन सरकारको विरोधमा र के-को निम्ति हुने छ ?

मोहनबिक्रमको नेतृत्वमा किसान क्रान्ति पूरा गरी स्थापना हुने गणतन्त्रात्मक सरकारमा सर्वोच्च पदमा मोहनबिक्रम सिंहया उनकै विश्वास पात्र मान्छे बसेको हुन्छ । अनि मोहनबिक्रम सिंहकै अर्को नेतृत्वमा किसानहरूद्वारा मोहियाना हक लिने संघर्ष गरी बढेको त्यो चेतनाले कुन सरकारको तख्ता पल्टाउने ? बुझिन्छ मोहनबिक्रम सिंहले मोहनबिक्रम सिंहकै तख्ता पल्टाएर निर्णायात्मक क्रान्ति गर्नेछ । यस्तो गर्ने हो भने मोहनबिक्रम सिंहले फिल्मी हिरो दिलिपकुमारले झैँ डबल रोल खेल्न करै लाग्नेछ । हामी मोहनबिक्रमजीलाई घरी नेपालको शासकको रूपमा गद्दिमा पाउने छौं, यता बाहिर हेऱ्यो उही मोहनबिक्रमले किसानहरूद्वारा मोहियाना हकको नारा दिलाएर जुलुसको नेतृत्व गरी रहेको दृश्य देख्ने छौं ।

**यो हो मोहनबिक्रमको माओवादी राजनीतिको अद्भूत दृश्य**

ढाँटेको कुरो काटे पनि मिल्दैन भन्ने उखानलाई मोहनबिक्रम सिंहको राजनीतिले चरितार्थ गर्दछ ।

वहाँहरू भन्नुहुन्छ, टी.एल. ले वहाँहरू माथी 'सामन्त परस्त सुधारवादी कार्यक्रम' अपनाएको आरोप लगाएको होइन, वहाँहरूको राजनीतिले देशलाई कहाँ पुऱ्याउने हो भन्ने तथ्यलाई मात्र अगाडि राखेको हो । यो तथ्यलाई अगाडि राख्दा वहाँहरू संशोधनवादी थहरिन्छ भने यो दोष टी. एल. को होइन ।

अर्को कुरो वहाँहरूले क्रान्ति पूरा गरी त्यो सरकार स्थापना गर्ने भए यस क्रान्तिको दौरान सामन्ती जमिन खोसी किसानलाई किन नदिने ? किसानको ऋण किन खारेज नगर्ने, सामन्ती कृषि औजार र भकारी किन कब्जा नगर्ने ? साम्राज्यवाद, उपनिवेशवाद, नव-उपनिवेशवादको चंगुलबाट देशलाई किन मुक्त नगर्ने ? अनि सी.आई.ए. को जाललाई किन च्यातेर नपठाउने ? अनि त्यो ३३ बुँदाहरूको उपयोगिता नै के भयो ? के यो भद्रगोल राजनीति होइन ?

वहाँहरूको भनाई यो भयो कि वहाँहरूसँग झिंगा मार्ने शक्ति नहुँदा पहिले झिंगाहरू पक्रौं र यिनीहरूमाथि दबाई छरेर मारि देउ । यसरी झिंगा मारि सकेपछि बल्ल झिंगा मार्ने चेतना देउ । यो कस्तो गोलमटोल तरिकाले झिंगा मार्ने तरिका मोहनबिक्रम सिंहजीले आविष्कार गरेको हो ?

यस्तो गोलमटोल राजनीति माथी कागजले मोडी यस माथी 'माओवाद' लेखी वहाँ आफूलाई माओवादी साबित गर्न चाहनु हुन्छ । वहाँको यो धुर्तताले भरेको पोको देखेर का. माओ पनि छक्क पर्दो होला ।

वहाँ भन्नु हुन्छ, टी.एल. ले रणनीति र कार्यनीतिको बीचको भेद बुझेन । निश्चय पनि हामी जनताको दैनिक समस्याको रूपमा मोहियाना हक इत्यादीको निम्ति दैनिक संघर्ष चलाउने पक्षमा छौं । तर पार्टी कार्यलाई यहीसम्म सीमित राखी यो हाम्रो कार्यनीति हो भनी मूल क्रान्तिकारी राजनीतिलाई पन्छाउने भन्ने पक्षमा हामी छैनौं ।

मूल सवाल मोहियाना हक, ब्याजको दर निश्चित गर्ने, खेतालाहरूको न्यूनतम ज्याला निर्धारित गर्ने, विदेशी पूँजीलाई दिएको सुविधा खतम गर्ने जस्तो नाराहरू दिने वा नदिने भन्ने होइन । यस्तो तात्कालीन मागहरूको आधारमा तात्कालिक संघर्षहरू त चलेकै हुन्छ । यस्तो संघर्षहरू दैनिक संघर्षहरू हुन् । दैनिक संघर्षहरू गर्ने बारे हाम्रो विरोध होइन, हाम्रो विरोध हो पार्टीले आफ्नो कार्यक्रम यहीसम्म सीमित राख्ने हो वा क्रान्तिको दौरान नेपालमा राजनीतिक तथा आर्थिक दुबै दृष्टिकोणले सामाजिक परिवर्तन ल्याउने खालको कार्यक्रम सफल पार्ने क्रान्ति पूरा गर्नको निम्ति आजैदेखि सैद्धान्तिक राजनैतिक र संगठनात्मक तयारी गर्दै जाने हो ?

कार्यनीति र रणनीतिबारे चीनियाँ कम्युनिष्ट पार्टीको भनाई हो, 'क्रान्तिकारी स्थिति आउनुभन्दा अगाडि सर्वहारा वर्गको पार्टीको सबैभन्दा महत्वपूर्ण काम हो क्रान्तिकारी ताकतलाई जम्मा गर्नु । जनताको दिनदिनैको अनेक समस्याहरूमा जनतालाई साथ दिनु र यी कारबाहीहरूको साथै सर्वहारा वर्ग तथा आम मेहनतकश जनताको राजनीतिक चेतना बढाउँदै जानु र भावी क्रान्तिको निम्ति सैद्धान्तिक, राजनैतिक र संगठनात्मक तयारी गर्दै जानु नै क्रान्तिकारीहरूले क्रान्ति छेडि हाल्नुभन्दा पहिले गर्नुपर्ने मुख्य काम हो । यसरी नै हर देशको क्रान्ति सफल हुनेछ र निश्चित रूपले सफल हुनेछ ।

लेनिनको भनाई छ, 'जसले राजनीतिक प्रचार, आन्दोलनको मुख्य सार तथा यसको क्षेत्रलाई संकुचित बनाउँछन्, जसले मेहनतकश जनतालाई निरन्तर राजनीति दिने सट्टा राजनीतिलाई उनीहरूको जीवनमा पर्व-पर्वमा कहिले काहीं मात्र दिने कुरा सम्झन्छन्, जसले एकतन्त्री हुकुमतबाट आंशिक सुविधा र सुधारको मागहरू माग्नमा नै तत्परता देखाउँछन् र जसले यी अलग-अलग आंशिक मागहरूलाई एकतन्त्री शासनको

विरोधमा क्रान्तिकारी पार्टीको नियम बद्ध तथा दृढतापूर्ण संघर्षको स्तरमा उठाउनको निम्ति चाहिने तमाम काम कुरोको बारे वास्ता गर्दैनन्, उनीहरू गलत बाटोमा छन् र आन्दोलनलाई नोक्सान गरिरहेका छन् ।

आज हामीलाई रणनीति र कार्यनीतिको भेद बुझ्नको निम्ति मार्क्स र लेनिनलाई दोहोऱ्याएर पढ्ने शिक्षा दिने मोहनबिक्रम गुटले लेनिनको यस शिक्षाको विपरीत काम गरी र स्वयम् चिनीयाँ कम्युनिष्ट पार्टीको भनाईको उल्टो काम गरी आफूलाई दक्षिण पन्थी अवसरवादी अर्थात् संशोधनवादी साबित गरेका छन् ।

जहाँ हामीहरू सानातिना मागहरू लिएर दैनिक संघर्षहरू चलाउने पक्षमा छौं अर्कातिर हामी आफ्नो मूल राजनीतिलाई एक मिनेट पनि बिर्सने पक्षमा छैनौं । यसै निम्ति हामी राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्नको निम्ति निरन्तर सैद्धान्तिक, राजनैतिक र संगठनात्मक तयारी गर्दै जाने पक्षमा छौं । र यो क्रान्ति पूरा गर्दा सामन्ती जमिन किसानमा वितरण गर्ने, किसानको ऋण खारेज गर्ने, सामन्ती कृषि औजार र भकारीहरू कब्जा गरी किसानहरूको कब्जामा दिने, विदेशी पूँजी राष्ट्रियकरण गर्ने, साम्राज्यवाद, उपनिवेशवाद र नव-उपनिवेशवादको चङ्गुलबाट देशलाई मुक्त गर्ने, देशभरी फैलिएको सी.आई.ए. को जाल च्यातेर फ्याँक्ने इत्यादी कार्यक्रममा विशेष जोड दिन्छौं । र सर्वहारा वर्गको नेतृत्वमा मजदूर किसान एकताको आधारमा देशको तमाम क्रान्तिकारी वर्गहरूको व्यापक संयुक्त मोर्चाद्वारा शासन चलाउने कार्यक्रममा जोड दिन्छौं । अन्तर्राष्ट्रिय क्षेत्रमा रुस, चीनलगायत तमाम समाजवादी मुलुकहरूसँग समानताको आधारमा भ्रातृत्व सम्बन्ध राख्नु राष्ट्रिय प्रजातन्त्रको अर्को कार्यक्रम हो ।

तर फूट मास्टर मोहनबिक्रम दल राष्ट्रिय प्रजातन्त्रको यी कुनै कुरा मन्जुर गर्न चाहँदैन र टी.एल. माथी लेखेको लेखमा भन्दछ, 'टी.एल. र हाम्रो बीचको मतभेद मुख्य रूपले राष्ट्रिय प्रजातन्त्रको संशोधनवादी सोचाई र नयाँ जनवादको बीचको मतभेद हो ।'

राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने जिम्मेदारीबाट भाग्नको निम्ति वहाँ एक झूठो बहाना बनाउनु हुन्छ राष्ट्रिय प्रजातन्त्र पूँजीपतिवर्गको नेतृत्वमा गठन हुने सरकार हो ।

यसबारे मोहनबिक्रम सिंहले पुरानो बेलाको त्यो ४ जना ठगहरूले बाहुनको बोकालाई कुकुर भनी भ्रम दिई ठगे जस्तै क्रान्तिकारीहरूलाई झूठ बोलेर ठग्ने युक्ति मात्र हो ।

मोहनबिक्रमको अर्को झूठो र भ्रामक भनाई छ, 'पूँजीवादलाई नाघेर समाजवादमा जाने कार्यक्रम यथार्थमा पूँजीवादी अधिनायकत्वअन्तर्गत 'समाजवादमा संक्रमण' को संशोधनवादी कार्यक्रम हो ।'

दक्षिण भियतनामले राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गरी गैर-पूँजीवादी बाटो नै अपनाएको छ । पूँजीवादलाई नाघी समाजवादमा लाने यो कार्यक्रमको पूँजीवादी अधिनायकत्वमा भई रहेछ ? भियतनाममा यो कार्यक्रम त्यहाँको कम्युनिष्ट पार्टीको नेतृत्वमा भईरहेको छ । स्पष्टतः गैर-पूँजीवादबारे मोहनबिक्रमको कुरो झूठा र मनगढन्त कुरो हो । गैर-पूँजीवादको विरोध गरी पूँजीवादको पैरवी गर्ने वहाँको भनाई स्पष्ट रूपले पूँजीवादको सेवा गर्ने संशोधनवादी कुरो हो । वहाँ आफ्नो नेतृत्वमा नयाँ जनवाद भनी नेपालमा पूँजीवाद लाङ्ने पक्षमा छन्, जबकि राष्ट्रिय प्रजातन्त्रले सर्वहारा वर्गको नेतृत्वमा मजदूर किसान एकताको आधारमा नेपालको तमाम क्रान्तिकारीहरूको व्यापक संयुक्त मोर्चा बनाएर राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गरी देशलाई गैर-पूँजीवादी बाटोबाट अगाडि लगी छिट्टै समाजवादी समाजको निर्माण गर्ने योजना अगाडि राख्दछ । मोहनबिक्रम सिंहको भनाईको मतलब भयो क्युबाको राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने का. क्याष्ट्रो पूँजीपति भयो । अनि दक्षिण भियतनामको राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्नमा नेतृत्व दिने अमर क्रान्तिकारी नेता का. हो ची मिन्ह, का. ले दुआन इत्यादी पनि पूँजीपति नै थहरियो ।

स्पष्टतः वहाँहरू झूठा कुरा गरी राष्ट्रिय प्रजातन्त्रप्रति भ्रम फैलाउन चाहनु हुन्छ । राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूँजीपतिवर्गको नेतृत्वमा होइन सर्वहारा वर्गको नेतृत्वमा पूरा हुने हो भन्ने कुरो चीनियाँ कम्युनिष्ट पार्टीको दस्तावेज 'लोक युद्धको विजय अमर रहोस्' को पन्ना ५३ को पहिलो प्याराले साफ गरेको छ । त्यो पुस्तिका (अंग्रेजी संस्करण) मा लेखिएको छ, 'चीनियाँ क्रान्तिले सर्वहारावर्गको नेतृत्वमा पूर्ण रूपले राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति गर्ने सफल शिक्षा दिएको छ ।' के यो लाइनले र साथै मङ्गोलिया, क्युबा, भियतनामको क्रान्तिको इतिहासले मोहनबिक्रम सिंहले आफ्नो अवसरवादी राजनीति अगाडि बढाउनको निम्ति राजनीतिक झूठ बोल्नु हुन्छ भन्ने कुरो प्रमाणित गर्दैन ?

अफसोच छ, झूठ बोल्नु राजनीतिक पतनको लक्षण हो ।

माथि पन्ना ७ मा उल्लेख भईसकेको लाईनहरूले साबित गरिसकेको छ राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने सोचाई संशोधनवादी होइन, राष्ट्रिय प्रजातान्त्रिक क्रान्तिमा अड्चन हाल्नेहरूनै संशोधनवादी हुन् र साम्राज्यवादको सेवकहरू हुन् । चीनियाँ कम्युनिष्ट पार्टीको यही भनाई हो ।

यस्तो मार्क्सवाद, लेनिनवाद र स्वयं का. माओको विचारको विपरीत गद्दार राजनीति अगाडि बढाएर वहाँहरू आफ्नो बैशाख २०३४ को मशालको पन्ना ८ मा लेख्नु हुन्छ, 'चतुर्थ महाधिवेशन मार्क्सवाद लेनिनवाद र माओ विचारधाराको नेपालमा प्रथम महान विजय हो ।'

यस्तै मान्छेले होला, परालको शरीर बनाई कागजले मोडि, खुर्सानी र निम्बोलीको माला लगाएर सिंगारी बन्दरको बिहा रची भनेका थिए, 'मामा ! कति सुन्दर माईज्यू ।'

बन्दरले अर्को दिन भने, भाञ्जा यसको त हात खुट्टा चल्दैन । त्यो मान्छेले भने, मामा यस्तो कुरा नगर्नु यो त रुसको कुरो भयो । बिल्कुल संशोधनवादी कुरो । हाम्रो अमेरिकावादी नक्कली क्रान्तिकारीहरूले यस्तो कुरो गर्दैन । यसलाई मार्क्सवाद, लेनिनवाद र माओ विचारधारा माथि प्रथम विजयको रूपमा सम्पन्न भएको त्यो गैर-बैधानिक चतुर्थ महाधिवेशनले जन्माएको हो । यो तपाईंको तात्कालिक दुलही हो ।

वहाँहरूको त्यो राजनीति यस्तै प्रकारको तात्कालिक राजनीति हो ।

सवाल छ, के यो राजनीति पनि तात्तातै मिल्ने हो ? होइन भने मूल राजनीतिलाई पन्छाएर यस सुधारवादी राजनीति पन्छाउने यही अवसरवादी तरिका हो । अर्को सवाल, राजाले मोहनबिक्रम गुटको मन्त्री मण्डल नै बनाई दियो रे । वहाँहरूको त्यो ३३ बुँदाहरू भएको कार्यक्रममा अब वहाँहरूले कति साल बिताउने भयो त ? खेतहीन, गरिब किसानहरू र अरू मेहनतकश जनतालाई कति दिन अल्मलाउने हो त ? स्पष्टतः वहाँहरूको यो राजनीति क्रान्तिकारीहरूलाई अलमलाएर सामन्ती प्रभुहरू, पूँजीवादी मालिकहरू र साम्राज्यवादी काकाहरूको सेवा गर्ने राजनीति हो ।

राष्ट्रिय क्षेत्रमा वहाँहरूको राजनीति राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्नको निम्ति चाहिने 'सैद्धान्तिक, राजनैतिक र संगठनात्मक' तयारी गर्दै जाने बाटोमा रोडा अट्काएर राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति असफल पारी विश्व प्रतिक्रियावादको सेवा गर्नु हो भने अन्तर्राष्ट्रिय क्षेत्रमा साम्राज्यवादी शक्तिलाई बचाएर समाजवादी खेलमा फूट हाली यसलाई कमजोर पारी साम्राज्यवादद्वारा विभिन्न देशहरूमाथि कब्जा गर्ने बाटो खोल्नु हो ।

नक्कली क्रान्तिकारीहरूद्वारा आज माओवादको नाउँमा अगाडि बढाइएको राजनीतिले राष्ट्रिय प्रतिक्रियावाद र अन्तर्राष्ट्रिय साम्राज्यवाद, उपनिवेशवाद र नव-उपनिवेशवादको सेवा गर्ने हो । यसको पछाडि विश्व प्रतिक्रियावाद, खासगरी अमेरिकी साम्राज्यवादको गुप्तचर विभाग सी.आई.ए. को हात छ भन्नु कुनै अत्युक्ति होइन ।

यस किसिमको राजनीति अक्सर झूठमा आधारित भएको देखिन्छ । यी नक्कली क्रान्तिकारीहरूले विश्व प्रतिक्रियावाद तथा साम्राज्यवादको सेवामा आफूलाई अर्पण गरी झूठ साँचो छुट्याउने शक्ति पनि हराएको छ । यिनीहरूले अक्सर साम्राज्यवादले फैलाएको झूठ कुरोलाई नै माओवाद हो भनी प्रचार गरी क्रान्तिकारीहरूलाई गलत बाटोमा लैजाने काम गरिरहेका छन् । आज यो कुरो लुकेको छैन की कसरी सी.आई.ए. ले झूठा र मनगढन्त कुराहरू बनाईकन कम्युनिष्टहरूको विरोधमा प्रचार गर्ने काम गरिरहेका छन् । राष्ट्रिय क्षेत्रमा राष्ट्रिय प्रजातन्त्रलाई संशोधनवादी भन्नु झूठ हो भने अन्तर्राष्ट्रिय क्षेत्रमा 'सोभियत सामाजिक साम्राज्यवाद' को नारा पनि अमेरिकी साम्राज्यवादले गढेको र झूठमा आधारित नारा हो । यस नाराको प्रवर्तक का. माओ

होइन । चीनको नेतृत्व च्यांग चिंग गुटले नहथ्याएसम्म चीनबाट यस्तो कुरो सुनिएको थिएन । च्यांग चिंग गुटको नेतृत्वमा नै चीनमा मात्र होइन विश्वभरी 'माओवाद' को नाममा यस्तो झूठो कुरो व्यापक रूपले धुँवाधार प्रचार गरिएको हो ।

यही १९७७ को सेप्टेम्बर १० तारिखको ए.एफ.सी. ले पेकिङ्गबाट दिएको खबरअनुसार चीनको जन दैनिक (People's Daily) को 'संयुक्त सम्पादकीय' मा भनिएको छ कि 'हाम्रो घरभित्र र घर बाहिर टुक्रा गरिदिएको छ । यी दुश्मनहरूले झूठा निर्देशनहरू पनि आविष्कार गरेर यिनीहरूलाई माओ विचारधारा भनी प्रचार गरे ।' स्पष्ट छ आज माओ विचारधाराहरू भनी जति पनि निक्लेका छन् तिनीहरूलाई छानबिन गर्न सकेन भने हाम्रो वर्ग दुश्मनले फैलाएको जालमा हामीहरू फसिने छ ।

जहाँ का. माओले सुरुदेखि सोभियत संघसँग मित्रतामा जोड दिएर आएका थिए, च्यांग चिंग गुटले रुस र चीनको बीच जति सक्यो उति फाटो ल्याउने काम गरे ।

का. माओले आफ्नो 'नयाँ जनवाद' नामक पुस्तिकाको अध्याय १० को पन्ना ६ मा स्पष्टसँग लेख्नु भएको छ, सर्वप्रथम नयाँ र सही किसिमको क्रान्तिकारी ३ जुन सिद्धान्तहरूमा रुससँगको मित्रता समावेश हुनै पर्छ । यो पनि बिल्कुल स्पष्ट छ कि समाजवादी देश रुससँगको मित्रताको नीति लिएन भने निश्चित रूपले साम्राज्यवादी शक्तिहरू साम्राज्यवादसँग मित्रताको नीति लिइने छ । 'यसै सन्दर्भमा का. माओ सोध्नु हुन्छ, नहीँ, यो खाली भ्रम हुनेछ ।'

स्पष्ट छ आज तमाम सोभियत विरोधीहरूले एक न एक रूपमा अमेरिकासँगको मित्रता खोजेको छ र जानिकन वा नजानिकन आफूलाई अमेरिकी साम्राज्यवादको सेवामा अर्पण गरेका छन् । माओवादकै कुरा गर्ने हो भने माओवाद का. माओले लेखेको किताबहरूमा आधारित हुन्छ वा सी.आई.ए.ले अगाडि बढाएको नाराहरू यताउतिबाट टिपेर माओवाद भन्दैमा यस्तो नाराहरू माओवाद बन्ने हो ? का. माओको किताबहरू नै माओवादको आधार हो भने सोभियत विरोधी अभियान माओवाद होइन माओवादको नाममा सी.आई.ए. को जाल मात्र हो ।

अमेरिकी साम्राज्यवादद्वारा चलाइएको सोभियत विरोधी अभियानको मुख्य उद्देश्य हो, तटस्थ देशहरू, भर्खरै मुक्त भएका र मुक्तिको निम्ति संघर्ष गरिरहेका देशहरू र स्वयं समाजवादी देशहरूलाई समाजवादी खेमाबाट अलग गरी ती देशहरूलाई अमेरिकी साम्राज्यवादको छत्रछायाँमा लगी ती देशहरूलाई अमेरिकी साम्राज्यवादको नेतृत्वमा विश्व पूँजीवादको अंग बनाउनु र ती देशहरूलाई आफ्नो नव-उपनिवेश बनाउनु ।

साम्राज्यवादको यस मनसुवामा सबैभन्दा शक्तिशाली बाधक हो 'समाजवादी सोभियत संघ' । यसै निम्ति यसप्रति जति सक्यो उति घृणा पैदा गराउनु साम्राज्यवादको

एक मुख्य हतियार हो । अनि समाजवादी खेमाको दोश्रो शक्ति हो 'जनवादी चीन' । यी दुई देशहरूलाई मिल्न नदिई एक दोश्रोसँग लडाउनु साम्राज्यवाद र विश्व प्रतिक्रियावादको अर्को हतियार हो ।

आज यी नक्कली क्रान्तिकारीहरूले साम्राज्यवादको मनसुवा पूरा गर्ने हतियार हो भन्ने रूपमा नै काम गरिरहेका छन् ।

'सोभियत सामाजिक साम्राज्यवाद' को नारा च्यांग चिंग गुटको नेतृत्वमा जहाँ ६७ सालतिर देखि चीनबाट फैलाइए, यो नारा १९६१ तिर नै अमेरिकी साम्राज्यवादले तयार गरिसकेका थिए । र केनेडीको पालोदेखि यसलाई व्यवस्थित ढङ्गले प्रचारमा ल्याएको थियो । विश्व कम्युनिष्ट आन्दोलनको विरोधमा विभिन्न देशहरूलाई आफूतिर खिच्ने नाराको रूपमा यसलाई अगाडि बढाउनेहरू हुने 'नयाँ सीमावादीहरू' (New Frontiers) (१९६१ जुलाई, महिना, ८ तारिखको 'द न्यूयोर्क टाइम्स' हेर्नु होला ।)

कम्युनिष्टहरूको विरुद्ध डलेस, आइजनहावरको नीति असफल भएपछि अमेरिकाको राष्ट्रपति जोहन केनेडीको छ वर्षको शासनकालमा नै उनका समर्थकहरूद्वारा बनेको यो नयाँ सीमावादी गुट हुन् । यिनीहरू जोहन केनेडीको पालोको नीति निर्माताहरू हुन् र यिनीहरूले तटस्थ देशहरूलाई कम्युनिष्ट खेमाबाट फुटाएर लिनको निम्ति नै 'सोभियत साम्राज्यवाद' को नारा दिएका हुन् । यसको अलावा उनीहरूको उद्देश्य हो समाजवादी मुलुकहरूलाई पनि समाजवादी सोभियत संघबाट फुटाएर यिनीहरूको कमजोर हालत को फाइदा उठाएर यी देशहरूमा प्रतिक्रान्ति गरी त्यहाँको कम्युनिष्ट सरकारहरू उखाडि त्यहाँ फेरी पूँजीवादी व्यवस्था स्थापना गर्नु र यी देशहरूलाई आफ्नो नव-उपनिवेश बनाउनु । उनीहरूको अर्को उद्देश्य हो विश्वको क्रान्तिकारी आन्दोलनलाई कमजोर गर्नु ।

केनेडीको मृत्युपछि अमेरिकामा जोहनसन राष्ट्रपति भयो र जोहनसनको पालोमा 'एसिया'को निम्ति 'एशियन डक्ट्रिन' निक्ल्यो । १२ जुलाई १९६६ मा ह्वाइट सल्फर स्प्रिङ्गमा बोलेर जाहनसनले घोषणा गरे 'मानिसहरूको स्वतन्त्रता र व्यवस्थाको निम्ति र जीवनको निम्ति भइरहेको संघर्षको निर्णायक क्षेत्र अब एसियाको हो ।' यसै निम्ति उनको 'एशियन डक्ट्रिन ' (एसियाई सिद्धान्तअन्तर्गत एकातिर जापानलाई एसियाको नेतृत्वमा ल्याउने प्रयास भयो भने अर्कातिर च्यांग र चिंग गुटको नेतृत्वमा समाजवाद विरोधी र स्वार्थपूर्ण राष्ट्रवादको आधारमा चीन र रुसको सम्बन्ध बिगारेर चीन र अमेरिकाको सम्बन्ध सुधार्ने सम्भावना देखे । १९६६ जुलाई १९ को 'वासिङ्गटन पोस्ट' ले जोड दिए झैं यस सिद्धान्तमा एकातिर ठूलो दण्डा अर्कातिर ठूलो गाजर अर्थात एकातिर डर र दबाउ अर्कातिर प्रलोभनको प्रयोग गरिएको थियो । याद रहोस् यसपछि १९६६ को हाराहारीमा नै चीनमा सोभियत विरोधी अभियानले उग्र रूप लिएको हो र यसलाई 'माओवाद' को नाममा उछालिएको हो ।

सोभियत संघबारे गलत र झूठा कुरा फैलाउनको निम्ति सी.आई.ए. ले विश्वभरी नै जाल फैलाएको छ र आफ्नो दलालहरूलाई माओवादीको रूपमा अगाडि बढाउनु उनीहरूको सबैभन्दा नबुझिने र सबैभन्दा असरदार तरिका हो । सी.आई.ए. को जाल फैलाउनको निम्ति विभिन्न देशहरूको मानिसहरू उपयोग गरिन्छ भन्ने कुरो आज लुकेको छैन । हाल सालैको रिपोर्टअनुसार सी.आई.ए. को यस्तो प्रचार कार्य ८०० वटा संगठनहरूमार्फत भईरहेको छ । झूठा र मनगढन्त कुरोहरू बनाएर विभिन्न पत्रकारहरू, लेखकहरू, प्रचारकहरू, संगठनहरू र अरू अनेकौं माध्यमहरूबाट सी.आई.ए. ले प्रचार गराएका कुरोहरू नै आज माओवादको नाममा हाम्रो अगाडि पेश गरिएको छ, जुन कुरोहरू का. माओद्वारा लेखिएका कृतिहरू राम्ररी अध्ययन गर्ने हो भने का. माओको विचारको बिल्कुल उल्टो देखिन्छ ।

न्यूयोर्क हेराल्ड ट्रिबुन, साटर्डे इभनिङ्ग पोष्ट र न्यूजवीक जस्तो पत्रिकाहरूमा लेख निकाल्ने पत्रकारहरूद्वारा गरेको विशेष कार्यहरूबारे रिपोर्ट भएको सी.आई.ए. फाइलहरू आज उडाङ्ग भइसकेको छ । अमेरिकाको स्वार्थ अनुकूलको झूठा र मनगढन्त कुरोहरू फैलाउने यी पत्रकारहरू नै हुन् र यी सी.आई.ए. का दलालहरू नै सोभियत विरोधी अभियान को अगुवा हुन् ।

आज नेपालको कतिपय होनहार क्रान्तिकारीहरूलाई माओवादको मुकुण्डो बढी गलत बाटोमा लगेर मुर्ख बनाई राख्ने यिनीहरू नै हुन् ।

यही १९७७ को डिसेम्बर २० तारिख (२०३४ पौष ४ गते) को वासिङ्गटनको खबर हो कि यसको एक दिन अघि अर्थात् पौष ३ गते अमेरिकी सी.आई.डी. विभाग सी.आई.ए. को भूतपूर्व डाइरेक्टर विलियम कोल्बीले यो कुरो स्वीकार गरी भने की सी.आई.ए. ले अमेरिका बाहिरको विभिन्न देशहरूको राजनीतिमा प्रभाव पार्नको निम्ति ( अर्थात् अमेरिकी साम्राज्यवादको स्वार्थ अनुकूल मोड्नको निम्ति) अमेरिकीहरूको अलावा विदेशी पत्रकारहरू, सम्वाददाताहरू र संगठनहरूलाई प्रयोग गर्दै आएको हो । उनले अमेरिकाको कांग्रेस (पार्लियामेन्ट) को अगाडि यो पनि बयान दिए कि सी.आई.ए. ले कम्युनिष्टहरूको प्रचार असफल पार्नको निम्ति गलत (झूठा र मनगढन्त) खबरहरू फैलाउनको निम्ति पत्रकारहरू र नयाँ-नयाँ संगठनहरू बनाएर काम लिने गरेर आएको हो । यो क्रम कोल्वीको पालोमा मात्र होइन अहिलेसम्म चलेर आएकै छ र झन् सुव्यवस्थित ढंगले चलेर आएको छ ।

अमेरिकी साम्राज्यवादले सी.आई.ए.द्वारा एसिया, अफ्रिका र ल्याटिन अमेरिकाको अनेकौं व्यक्तिहरूलाई व्यवस्थित ढङ्गले संगठित गरेका छन् । यस्तो संगठनहरू र व्यक्तिहरू, पत्रकारहरू, संवाददाताहरूद्वारा सी.आई.ए. ले नबुझिने गरी फैलाइएको नाराहरू नै माओवादको नाममा फैलिँदै छ । १९६२ डिसेम्बर ६ को ‘द न्यूयोर्क हेराल्ड ट्रिबुन’ ले रिपोर्ट गरेअनुसार, ‘सर्वसाधारण अमेरिकी नागरिकहरू, टुरिष्टहरू र विद्यार्थीहरूलाई अमेरिकाको त्यस बेलाको आटर्नि जेनरल रबर्ट केनेडीले स्पष्टसँग भनेका

थिए, 'तिमीहरू राम्रो र उत्सुक भएता पनि यदि तिमीहरूले अमेरिकाको कथा भन्न सक्दैन भने अर्थात अमेरिकाको प्रचार रामोसँग गर्न सक्दैन भने बाहिर देशमा जानुभन्दा असल छ कि तिमीहरू बिछ्याउनामा सुतेर बसिरहौं ।' स्पष्ट छ यस्तो अमेरिकी एजेण्टहरूद्वारा विभिन्न देशहरूमा सोभियत संघ र अरू समाजवादी मुलुकहरूको विरुद्ध प्रचार फैलाईएको हो ।

यस्तो टुरिष्टहरू मात्र होइन, अनेकानेक अमेरिकनहरू नानाथरीको काम लिएर नेपालभरी छरिएर बसेका छन् र उनीहरूको निम्ति नेपालको एकतन्त्री हुकुमी सरकारले राम्ररी व्यवस्था मिलाई दिएको छ । हर स्कूल, अस्पताल र अरू विभिन्न तरिकाले यिनीहरू नेपालमा व्यवस्थित ढङ्गले छरेर बसेका छन् । यिनीहरूको माध्यमद्वारा अनेकौं नेपालीहरूलाई हातमा लिई विभिन्न तरिकाले फैलाइएको गलत राजनीतिनै आज नेपालमा माओवादको नाममा फैलिएको छ ।

सोभियत संघ नै आज विश्वमा अमेरिकाले लडेर खतम गर्न आँट गर्न नसकिने सबैभन्दा शक्तिशाली समाजवादी मुलुक हो । यसै निम्ति विश्व कम्युनिष्ट आन्दोलन खतम गर्नको निम्ति सर्वप्रथम यसलाई सोभियत संघबाट अलग गर्न जरुरी छ । यसै निम्ति विश्व कम्युनिष्ट आन्दोलन खतम गर्न अमेरिकी साम्राज्यवादको प्रमुख हतियार हो सोभियत संघको बदनाम गर्नु । फिलीप आगीको सी.आई.ए. डायरीको पन्ना ३४ पढे साफ हुन्छ की विश्व कम्युनिष्ट आन्दोलनलाई खतम गर्ने चालमा सी.आई.ए. ट्रेनिङ्गको मुख्य जोड हो सोभियत विरोधी प्रचार र सोभियत संघलाई साम्राज्यवादी हो भन्ने प्रचार गर्नु । यस प्रयासमा सफल हुनको निम्ति का. माओको नाउँको फाइदा उठाएर माओवादको नारा अगाडि बढाएको हो । यस कुरोमा कसैलाई शंका छ भने रुसको प्रतिक्रान्तिकारीहरूद्वारा लेखेको 'सेन्सर नभएको रुस' (Uncensord Russia) को पन्ना ९७ तेश्रो प्याराग्राफ पढे साफ हुनेछ की कसरी सी.आई.ए.द्वारा सञ्चालित यी प्रतिक्रान्तिकारीहरूले रुसलाई खसाल्न का. माओको शुभ नामको उपयोग गरेको हो । त्यस पन्नाको अन्तिम लाइनहरू हुने 'कि सोभियत कम्युनिष्ट पार्टीले स्टालिनको व्यक्तिवाद र उसको अपराधहरूको भण्डाफोर गरी सकेपछि माओको प्रतिभा स्वीकार नगरी सर्वहारा अधिनायकवादको आदर्शप्रति गद्दारी गरेको छ ।'

यी लाइनहरू विश्वमा कम्युनिष्ट व्यवस्था या समाजवादी व्यवस्था सुदृढ गर्न चाहनेहरूले लेखेको होइन, न त यी लेखकहरू विश्वमा विश्व कम्युनिष्ट आन्दोलन अगाडि बढोस् भन्ने कुरो चाहनेहरू हुन् । यिनीहरू हुन् सोभियत संघमा प्रति क्रान्तिकारी त्यहाँको समाजवादी व्यवस्था खतम गरी त्यहाँ फेरी पूँजीवादी व्यवस्था ल्याउन चाहनेहरू ।

यी प्रतिक्रान्तिकारीहरूले लेखेको किताबबाट स्पष्ट छ आज विश्व प्रतिक्रियावादले सोभियत विरोधी अभियान सफल पार्नको निम्तिनै का. माओको नाम उछालिएको हो,

नकि विश्व कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउनको निम्ति । अमेरिकी राष्ट्रपति आईजनहावरको नारा थियो एसिया बासीहरूसँग एसियाबासीहरू लडाउ । यही लाइन अनुकूल अर्को साम्राज्यवादी लाइन हो, 'कम्युनिष्टहरूलाई कम्युनिष्टहरूसँग लडाउ ।' यसमा सबैभन्दा सुगम उपाय हो रुसवादी की चीनवादी भनी कम्युनिष्टहरूलाई फुटाएर आपसमा लडाउनु ।

यसप्रकारको प्रतिक्रियावादी राजनीतिलाई माओवादको नाम दिई चीनमा मात्र होइन विश्वभरी च्यांग चिंग गुटले अगाडि बढाएको हो र राजाको छत्रछायाँमा सी.आई. ए. द्वारा नेपालभरी जाल बिछ्याएको हो । मोहनबिक्रम गुटले आफ्नो 'क्रान्ति र पार्टीको तात्कालिक समस्याहरू' नामक पुस्तिकाको पन्ना ८८ को पहिलो प्याराग्राफमा स्वयम् स्वीकार गरी लेखेको छ, 'राजाले माओ विचारधाराको आँडमा आफ्ना एजेण्टहरू अगाडि ल्याएको थियो ।'

यो राजाको मात्र चाल नभइ अमेरिकी गुप्तचर विभाग खुँखार 'सी.आई. ले सोभियत सामाजिक साम्राज्यवादको नारा अगाडि बढाएर विश्वको नौसिख' वा क्रान्तिकारीहरूलाई अल्मलाएर विभिन्न देशको क्रान्तिकारीहरूलाई मिल्न नदिने र सही क्रान्तिकारी सिद्धान्तबाट अलग राख्ने काम गरिरहेको हो । सी.आई.ए. ले थापेको जालबाट स्वयम् मोहनबिक्रमको नेतृत्वमा गठित छपाली गुट पनि मुक्त छैन र उनीहरूले पनि अरू तथाकथित माओवादीहरूले लिएको नीति लिएर अन्तर्राष्ट्रिय क्षेत्रमा अरूले झैं विश्व साम्राज्यवाद र विश्व प्रतिक्रियावादको अगुवा अमेरिकी साम्राज्यवादलाई आफ्नो मुख्य दुश्मन मान्नु सट्टा माओवादको नाममा समाजवादी खेमाको सबैभन्दा शक्तिशाली शक्ति समाजवादी सोभियत संघलाई मुख्य दुश्मनको रूपमा पेश गरी सोभियत संघलाई सामाजिक साम्राज्यवाद भनी रुसप्रति घृणा फैलाएर समाजवादी खेमालाई तोड्ने र यसलाई कमजोर पार्ने कोशिस गरी विश्व साम्राज्यवाद र विश्व प्रतिक्रियावादी खेमाको सेवामा आफूलाई अर्पण गर्ने काम गरिरहेका छन् ।

छपाली गुटले यस कार्यलाई कुशलताका साथ अगाडि बढाई सोभियत संघप्रति घृणा फैलाउनको निम्ति अमेरिकी सी.आई.ए. ले सिकाए झैं झूठ बोल्न पनि लाज मानेन वहाँहरूले राष्ट्रिय प्रजातन्त्रको बदनाम गर्दा मात्र हैन सोभियत विरोधी अभियान चलाउँदा पनि झूठकै सहारा लिएर अमेरिकी साम्राज्यवादको दिल खुस पार्ने काम गरिरहेका छन् ।

मोहनबिक्रमको नेतृत्वमा छपाली गुटले निकालेको 'क्रान्ति र पार्टीका तात्कालिक समस्याहरू ।' नामक पुस्तिकाको पन्ना ८ मा वहाँहरू लेख्नु हुन्छ ।

'अरब देशहरूले विजय र सफलता प्राप्त गर्दै गइरहेको बेलामा, एकातिर, त्यहाँ आफ्नो प्रभाव क्षेत्र कायम गर्न अमेरिका र रुसका बीचमा प्रतिस्पर्धा बढ्दै गइरहेको छ भने, अर्कातिर, प्यालेष्टिनी जनता र अरब राष्ट्रहरूको न्यायपूर्ण युद्धलाई गुमराह बनाउन दुबै देशहरूले मिलेर काम गर्दै छन् ।'

एकातिर त छपाली गुटको भनाई छ, 'रुस र अमेरिकाको बीच प्रतिस्पर्धा बढ्दै गइरहेको छ । 'प्रतिस्पर्धा भन्नाले एकले दोश्रोलाई हराउने काम हुन्छ । यसको सार्थ वहाँले एकै सासमा अर्को कुरो भन्नुहुन्छ, 'प्यालेष्टिनी जनता र अरब राष्ट्रहरूको न्याय पूर्ण युद्धलाई गुमराह बनाउन दुबै देशहरूले मिलेर काम गर्दै छन् ।'

के कुनै दुई जना मान्छेले मिलेर आपसमा प्रतिस्पर्धा गर्ने गर्छन् ? मिलेर आपसमा प्रतिस्पर्धा हुन सक्दैन । यी दुईटा कुरोहरू परस्पर नमिल्ने विपरीत कुरोहरू हुन् ।

के एउटै दौडमा एकले अर्कालाई हराउने प्रतिस्पर्धा गरिन्छ भने यो दौडमा दुइटै मिलेर काम गर्न सकिन्छ ? स्पष्ट छ, छपाली गुटले परस्पर विरोधी काम गरी आफ्नो असत्यतालाई आफैंले प्रमाणित गरेको छ । वहाँहरूले लेख्नु भएको उपरोक्त लाइनहरू प्रतिक्रान्तिकारीहरूले अगाडि बढाएको लाइन हो र यो लाइन विश्व कम्युनिष्ट आन्दोलनको विरोधी अस्तित्ववादी शार्ट्रेले १९६६ को अक्टोबर महिनाभन्दा पहिले नै लेखेको कुरो हो । यसको प्रमाण चाहिन्छ भने मौरिस क्रान्स्टनद्वारा सम्पादित 'त्यो नयाँ बाम मार्ग (The New Left) को पन्ना ७९' हेर्नु होला । यस्तो कम्युनिष्ट विरोधीहरूको कुराहरू नै मोहनबिक्रमको गुटले पनि माओवादको मुकुण्डो लाएर सोभियत संघप्रति घृणा फैलाउने उद्देश्यले नेपालमा प्रचार गरी साम्राज्यवादको सेवा गरिरहेको हो ।

आज प्यालेष्टिनी जनता जीवन मरणको संघर्षमा लागि रहेका छन् । आज उनीहरूलाई हर तरहको मद्दतको आवश्यकता छ । यस्तो स्थितिमा उनीहरूले विजय गर्दै गइरहेको छ भन्नु झूठ मात्र होइन, उनीहरूले पाइरहेको मद्दतलाई पनि रोकेर उनीहरू माथीको दमन र अत्याचार स्थायी बनाउने गद्दारी पूर्ण युक्ति हो ।

मोहनबिक्रमले अरब देशहरूको संघर्षबारे जुन कुरो लेखे त्यसमा उनीहरूले सर्वप्रथम त अमेरिका र रुसलाई एउटै तुलनामा राख्ने काम गरे । अनि यसपछि झट्पट् अमेरिकालाई बिर्सी रुस माथी आक्रमण गरी भन्दछन् 'त्यसले गर्दा त्यहाँका (अर्थात अरब देशहरूका तु.) राष्ट्रवादी र क्रान्तिकारी शक्तिहरूमा सामाजिक साम्राज्यवादप्रति घृणा र असन्तोषको लहर उठिरहेको छ ।'

झूठ ! सफेद झूठ !! साम्राज्यवादको सेवामा बोलिएको सफेद झूठ । वहाँहरूसँग सवाल छ, वहाँहरूको नजरमा अरब देशहरूको राष्ट्रवादी र क्रान्तिकारी शक्तिहरू को हुन् ? त्यहाँको अमेरिकी परस्त प्रतिक्रान्तिकारी तथा प्रतिक्रियावादी तत्वहरू नै वहाँहरूको नजरमा राष्ट्रवादी र क्रान्तिकारी शक्ति हुन् भने हामीलाई केही भन्नु छैन, कारण सी.आई.ए. बाट शिक्षा र दीक्षा पाएकाहरूको यस्तै दृष्टिकोण रहन्छ । होइन, आज अरब देशहरूमा सबैभन्दा ठूलो समस्या प्यालेष्टिनी मुक्ति संगठन (P.L.O.) जसको नेता हुन्, 'श्री यासर अराफत' अब हेरौं श्री यासर अराफतको रुसबारे के भनाई छ भने वहाँले यही

गएको १९७७ को अगष्ट ३१ तारिखमा अमेरिका र रुसको बारेमा आफ्नो विचार यसरी व्यक्त गरेका छन् । 'पश्चिमी एसियाको समस्या समाधान गर्ने कार्यमा अमेरिकी साम्राज्यवादले प्यालेष्टिनी जनताको कानुनी रूपले पाउनुपर्ने राष्ट्रिय अधिकारलाई अवहेलना गर्ने र यी अधिकारहरू प्राप्त गर्नको निम्ति भइरहेको संघर्षमा प्यालेष्टिनी मुक्ति संगठनको नेतृत्वदायी भूमिकालाई अवहेलना गर्ने कोशिस गर्दैछन् ।' यसको साथै श्री यासर अराफतले यो पनि भने की (विभिन्न देशहरूको) 'जनताहरूको आफ्नो खास अधिकारहरूको सुरक्षा गर्नको निम्ति सोभियत संघले खेल्दै आएको त्यो महत्वपूर्ण भूमिकालाई खतम गर्न सक्ने ताकत संसारमा छैन ।' वहाँले यसै संघर्षमा फेरी भन्नुभयो, 'मध्य पूर्वको अरबहरूको भाग्यको फैसला गर्ने काममा सोभियत संघको सधैँ भरी महत्वपूर्ण र सकारात्मक भूमिकामा प्यालेष्टिन र सम्पूर्ण अरब जनताले अति नै उत्सुकता पूर्वक रुची लिइराखेका छन् ।'

के श्री यासर अराफतको उपरोक्त वक्तव्यले छपाली गुटको माओवादी मुकुण्डो उघारी यो साबित गरेन की उनीहरूले अमेरिकाको सेवा गर्दा सत्य र तथ्यको समेत वास्ता नगरी मनगढन्त कुरा गरी आफूलाई विश्व प्रतिक्रियावादी खेमाको अङ्ग साबित गरेको छ ?

प्यालेष्टिन मुक्ति संगठनको नेता यासर अराफत मात्र होइन क्युबाको क्यास्ट्रोदेखि लिएर भियतनामको ल दुआन जस्तो विश्वमा मानिएका सबैजसो क्रान्तिकारी नेताहरूले सोभियत संघको क्रान्तिप्रतिको महत्वपूर्ण भूमिकामा सराहना गरेर आएका छन् । अरब देशहरूकै पनि कुरा गर्ने हो भने यही १९७८ को फेब्रुअरीको पहिलो हप्तामा भएको अल्जेयर्स सम्मेलनबारे लेख्दै त्यहाँको दैनिक अल-राई अल-आमले भनेको छ की अल्जेर्समा आल्जेरिया, सिरिया, लिबिया, दक्षिण एमेन र प्यालेष्टिन मुक्ति संगठनका नेताहरूले एकै मतले निर्णय गरी भने की सोभियत संघ उनीहरूको निर्णायक र स्वाभाविक मित्र हो ।

मोहनबिक्रम सिंहको लेखाईले स्पष्ट छ वहाँहरू प्यालेष्टिनी जनताले रुसको कुनै मद्दत नपाओस् भन्ने पक्षमा छन् । आज रुसले प्यालेष्टिनी जनताको पक्ष लिन छोडोस् त अमेरिकी साम्राज्यवादको आशीर्वादले टिकेका अत्याचारी इजरायलले प्यालेष्टिनी जनताको मागलाई बमहरू र बन्दुकको कुण्डोले तहस-नहस गरेर दबाई राख्ने मौका पाउने छ र असल देशहरू र प्यालेष्टिनी जनतामाथिको अत्याचार र दमनले अझ उग्र रूप लिनेछ । आज प्यालेष्टिनी जनताले आफ्नो स्वतन्त्रता र स्वतन्त्र राष्ट्रको माग गरी जीवन मरनको संघर्ष गरिरहेका छन् । विश्वका तमाम क्रान्तिकारीहरूको कर्तव्य हो प्यालिष्टिनी जनताको यस संघर्षमा मद्दत गर्नु । यसमा प्यालेष्टिनी जनताको पक्षमा रुसले दृढताका साथ सहयोग गरिरहेको छ ।

जहाँ क्रान्तिकारी नेता श्री अराफत तथा अरब देशहरूको विभिन्न क्रान्तिकारी नेताहरूले सोभियत संघप्रति आफ्नो आस्था, विश्वास र भरोसा प्रकट गरेका छन् । हाम्रा

देशका ती तथाकथित माओवादीहरू खास गरी मोहनबिक्रम सिंहको नेतृत्वमा गठित छपाली गुटले रुसप्रति घृणा फैलाउने प्रयासमा झूठा र मनगढन्त कुरा गरी विश्वको क्रान्तिकारी जनताको मित्र सोभियत संघलाई क्रान्तिको दुश्मनको रूपमा उल्टो तस्वीर पेश गरी विश्वको तमाम क्रान्तिकारीहरूलाई सोभियत संघबाट अलग गरी अमेरिकी साम्राज्यवादद्वारा विभिन्न देशहरूको क्रान्ति दबाएर ती देशहरूमाथि कब्जा गर्ने बाटो सुगम बनाउने काम गरिरहेका छन् । मोहनबिक्रम सिंहको नेतृत्वमा छपाली गुटले सी.आई.ए.द्वारा अगाडि बढाएको सोभियत विरोधी प्रचारको प्रतिनिधित्व गरी हाम्रो देशभित्रको प्रतिक्रियावाद र अन्तर्राष्ट्रिय साम्राज्यवादको सेवामा आफूलाई अर्पित गरेका छन् ।

यी नक्कली क्रान्तिकारीहरूले आफूलाई माओवादी भनी माओत्से तुङ्ग विचारधाराको ढ्वाङ्ग फुकी का. माओकै विचारधाराको बिल्कुल विपरीत काम गरिरहेका छन् । प्यालेष्टिनको सवालमा मात्र हैन, विश्वको विभिन्न कुनाहरू चाहे त्यो बङ्गलादेश होस् या भारत होस् अथवा पूर्वी यूरोपका देशहरू हुन्, यी सबै देशहरूको सवालमा ती तथाकथित माओवादीहरूले अन्तर्राष्ट्रिय साम्राज्यवाद तथा विश्व प्रतिक्रियावादको सेवा गर्ने नीति लिएका छन् ।

अन्तर्राष्ट्रिय साम्राज्यवाद र विश्व प्रतिक्रियावादको निरन्तर कोशिस यो छ कि पूर्वी युरोपका देशहरूमा प्रतिक्रान्ति गरी त्यहाँ पूँजीवादी व्यवस्था स्थापना गरी ती देशहरूलाई समाजवादी मुलुकहरूबाट अलग गरी विश्व पूँजीवादी खेमामा सामेल गराउनु । यसै निम्ति त्यहाँ प्रतिक्रियावादीहरूद्वारा बारम्बार प्रतिक्रान्ति गरी समाजवादी सरकारहरूलाई उखाड्ने प्रयास गरिएको थियो । पोल्याण्ड, हंगेरी, चेकोस्लोभाकियामा यस्तो प्रतिक्रान्तिको प्रयास गरिएको थियो । १९५६ मा हंगेरीको काण्ड हुँदा का. माओले भनेका थिए, 'यो जनताका अन्तर विरोधहरूबाट फाईदा उठाउँदै, तीनमा झगडा पार्दै र शान्ति र सु-व्यवस्था भंग गर्दै समाजवादी देशभित्रका प्रतिक्रियावादीहरूले साम्राज्यवादीहरूसँग साँठगाँठ गरेर आफ्ना षड्यन्त्रकारी उद्देश्यहरू पूरा गर्ने काण्ड थियो । हंगेरीका घटनाहरूबाट पाइएको यो शिक्षा सबैले ध्यान दिन लायक छ ।' (का. माओको जनताका अन्तर विरोधहरूको सही सञ्चालनका विषयमा (फरवरी २७, १९५७) लाल पुस्तिका नेपाली संस्करण पन्ना ६५ बाट)

यस्तै काण्ड साम्राज्यवादीहरूले १९६८ चेकोस्लोभाकियामा पनि गरे । त्यहाँ प्रतिक्रान्ति गराउनको निम्ति ४०,००० (चालिस हजार) प्रतिक्रान्तिकारीहरूलाई साम्राज्यवादी मुलुक पश्चिम जर्मनीमा तालिम दिई तयार गरिएको थियो । का. माओको उपरोक्त भनाई याद गर्ने हो भने यो पनि 'समाजवादी देशभित्रका प्रतिक्रियावादीहरूले साम्राज्यवादीहरूसँग साँठगाँठ गरी आफ्नो षड्यन्त्रकारी उद्देश्यहरू पूरा गर्ने काण्ड थियो ।' सोभियत संघले बार्सा सन्धिअन्तर्गत आफ्नो फौज पठाएर त्यहाँ कार्बाही नगरेको भए चेकोस्लोभाकियामा मात्र होइन, पूर्वी युरोपका सबै जसो समाजवादी देशहरू एक-एक गरी प्रतिक्रान्तिको चपेटामा परी साम्राज्यवादको कब्जामा जाने थियो । का. माओले

माथी भनेको शिक्षा याद गर्ने हो भने सोभियत संघले चेकोस्लोभाकियामा गरेका कार्बाहीको सराहना र समर्थन गर्नु सबैको कर्तब्य हो । तर १९६८ सालसम्ममा चीनियाँ कम्युनिष्ट पार्टीको नेतृत्व च्याङ्ग चिङ्ग गुटले हथ्याई सकेको थियो र उनीहरूले सोभियत विरोधी अभियान तेज गरिसकेको थियो । यसैको फाईदा उठाएर अमेरिकी सी.आई.ए. ले विभिन्न देशहरूमा नक्कली क्रान्तिकारीहरू श्रृजना गरी माओवादको मुकुण्डो लाएर माओत्से तुङ्ग विचारधाराको ढ्वाङ्ग फुकी माओत्से तुङ्ग विचारको ठीक विपरीत चेकोस्लोभाकियाको प्रतिक्रान्तिकारीहरूको समर्थन गराएर सोभियत कार्बाहीको विरोध गराउने काममा सफलता प्राप्त गरिसकेको थियो ।

आज हाम्रो देशको नक्कली क्रान्तिकारीहरूले आफूलाई माओवादी भनी माओत्से तुङ्गको विचारको ठीक विपरीत सोभियत संघलाई सामाजिक साम्राज्यवाद भनी बदनाम गरी प्रतिक्रियावादीहरूद्वारा साम्राज्यवादीहरूसँग साँठगाँठ गरी गरिएको त्यो चेकोस्लोभाकिया काण्डमा त्यहाँको प्रतिक्रियावादीहरूकै साथ दिइरहेका छन् र उनीहरूको षड्यन्त्रकारी उद्देश्यहरू पूरा गराउने कुरोमा प्रयत्नशील छन् । स्पष्ट छ यी नक्कली क्रान्तिकारीहरू आज विभिन्न देशहरूको क्रान्तिको पक्षमा होइन प्रतिक्रियावादीहरूको प्रतिक्रान्तिको पक्षमा छन् ।

यस्तै बङ्गलादेशको सवालमा पनि बङ्गलादेशसहित सम्पूर्ण पाकिस्तानमा यांझा खांको फौजी शासन चलिरहेको थियो । चुनावमा मुजिव रहमानको पार्टीले बहुमत प्राप्त गरेको थियो । फेरी पनि त्यस पार्टीको सरकार बन्न नदिँदा बङ्गलादेशको जनताले क्रान्तिकारी संघर्ष गरेका थिए । यस जनक्रान्तिमा सोभियत संघले क्रान्तिकारी जनताको साथ दिएका थिए र आखिर क्रान्तिकारीहरूको विजय भयो । यस काण्डमा पनि ती तथाकथित माओवादीहरूले क्रान्तिकारी जनताको पक्ष लिने सट्टा फौजी हुकुमतको साथ दिए, कारण त्यो फौजी हुकुमत अमेरिकी साम्राज्यवादको दलाल हुकुमत थियो । मुजिव रहमनको सरकार सोभियत पक्षको हुन जानु स्वाभाविक थियो । आज मुजिव रहमानको सरकार छैन । यहाँ फेरी अमेरिकी परस्त तानाशाही सरकार खडा भएको छ । यस सरकारले पूँजीको सीमा तीन करोडबाट बढाएर २५ करोड गरेको छ । आज यो पूँजीवाद परस्त, अमेरिकी साम्राज्यवादको पोषक जनविरोधी सरकारसँग हाम्रो देशको तथाकथित माओवादीहरू खुसी छन् । यसले के जाहेर गर्छ ? जाहेर यही हुन्छ की यिनीहरू अमेरिकी साम्राज्यवादको सेवामा जन्मेका नक्कली क्रान्तिकारीहरू हुन्, जसले आफ्नो चेहरा छुपाउन माओवादको मुकुण्डो लाएका हुन् ।

यी तथाकथित माओवादीहरू भारतलाई पनि सोभियत संघबाट पूर्ण रूपले विच्छेद गराएर अमेरिकी साम्राज्यवादका काखमा धकेल्न पाए कृतार्थ हुने थियो । जनता सरकार आएपछि उनीहरूले यो कुरो आशा गरेका थिए । तर उनीहरूको यो आशा भंग हुँदा यिनीहरू जनता सरकारसँग पनि बौखालाएका छन् । यिनीहरूको चिन्ता भारतमा कसरी समाजवाद आउँला भन्ने कुरोसँग होइन, भारतलाई कसरी रुसबाट सम्बन्ध विच्छेद गराएर अमेरिकाको काखमा धकेल्ने भन्ने कुरोसंग हो ।

स्पष्टत: उनीहरूको यो नीति मार्क्सवाद लेनिनवाद विरोधी, सर्वहारा अन्तर्राष्ट्रवाद विरोधी र अन्तर्राष्ट्रिय साम्राज्यवाद तथा विश्व प्रतिक्रियावादको पोषक नीति हो ।

यस प्रकारको गलत राजनीति दिएर पनि आफूलाई क्रान्तिकारी देखाउने तरिका हो आफूलाई माओवादी घोषणा गर्नु । यी माओवादीहरूको का. माओको राजनीतिसँग कुनै खास मतलब छैन । अमेरिकी साम्राज्यवादको प्रचारअनुसार चीन र रुस बीचको मतभेद्लाई विकृत रूपमा पेश गरी कम्युनिष्टहरूलाई रुसवादी र चीनवादी भनी दुई फ्यांक गरी आफूलाई चीन पक्षको हुँ भन्ने प्रमाणित गर्न रुसबारे झूठा मनगढन्त प्रचार गर्नु यी नक्कली माओवादीहरूको काम हो । रुसप्रति घृणा फैलाउनको निम्ति यिनीहरूको अर्को प्रचार छ, 'रुसमा त सबै कारखानाहरू पूँजीपतिहरूको हातमा छ ।' छपाली गुटको प्रचार यो पनि छ कि 'रुसमा सीमित रूपले निजी पूँजीलाई नै माओवाद भन्ने बचपना कम्युनिष्टहरूलाई कसले सम्झाउने ? जुन रुसमा विश्वमा सर्वप्रथम समाजवादी क्रान्ति भयो र जो आज समाजवादबाट साम्यवादमा जाँदैछ, त्यहाँ पूँजीवाद कहाँबाट आउने र त्यहाँ पूँजीपति वर्गको हातमा कारखाना कसरी जाने ? रुसको नयाँ संविधानको अध्याय २ पढे साफ हुनेछ की त्यहाँ पूँजीवाद छ या समाजवाद छ । बुँदा ११ मा भनिन्छ, 'राज्यको सम्पति अर्थात् सोभियत जनताको साझा सम्पत्ति समाजवादी सम्पत्तिको मूल रूप हो । बुँदा १३ को अन्तिम लाइनहरूले भन्दछ, 'नागरिकहरूको आफ्नो सम्पत्तिलाई समाजको स्वार्थको विपरीत लिने वा बिना श्रमको आम्दानी कमाउने साधनको रूपमा काम लिन पाउने छैन ।' स्पष्ट छ रुसमा अर्काको परिश्रम चोरी गरी एक पैसा पनि कमाउने अधिकार छैन । अनि कसैको हातमा कारखाना छ भने उसले कारखाना चलाउँछ कसरी ? स्पष्टत: रुसमा सीमित रूपमा निजी पूँजीको अधिकार छ भन्ने प्रचार झूठा प्रचारमा आधारित मनगढन्त कुरो हो ।

अनि अमेरिकी साम्राज्यवादले सिकाए झैँ यी नक्कली माओवादीहरूको अर्को तरिका हो जब कसैले रुसबारेको झूठा प्रचारलाई खण्डन गरी सत्य र तथ्यलाई अगाडि राख्छ, उसलाई रुसवादी भनी प्रचार गरी उस प्रति पूर्व धारणा जगाउने र उस प्रति पनि घृणा फैलाउने ताकि उनीहरूको असत्य कुरोको प्रचारको पर्दाफास हुन नसकोस् ।

तथाकथित माओवादीहरूको यो तरिका कम्युनिष्ट विरोधी नयाँ वाममार्गी आर.डी. लैंगाले अगाडि बढाएका तरिका हुन् । सी.आई.ए. ले अगाडि बढाएको तरिका हो कि, कसैलाई कुन कुरा सत्य, कुन कुरा असत्य हो सोच विचार गर्ने पनि मौका नदिनु र यसै निम्ति छिट्टै बदनाम गर्ने खालको दुष्ट नारा अगाडि बढाई हाल्नु ताकि उनीहरूको झूठा प्रचारको खण्डन गर्ने हिम्मत कसैको नहोस् ।

आजकल अर्को नयाँ प्रकारको माओवादीहरू छिटफुट रूपमा कानपुरमा देखा परेका छन् । उनीहरूले का. माओको सम्बन्ध मार्क्स र लेनिनसँग होइन बुद्धसँग जोड्नु आफ्नो बुद्धिमानी भन्थानेका छन् र यस ग्रुपको मुखपत्रको रूपमा 'बुद्ध प्रवाह' पत्रिका

निकालेका छन् र उनीहरूले बुद्धको उक्तिहरू र जातक कथाहरूमा विशेष जोड दिएका छन् । यिनीहरूले कसैको तर्क नसुन्ने आफ्नो नीति बनाएका छन् । यसै निम्ति यिनीहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिलाई बैज्ञानिक तरिकाले केलाएर हेर्ने कुरो को विरोधी छन् । उनीहरूको नारा हो, ‘बोधिसत्व माओवाद जिन्दावाद’ बुद्ध कुन ऐतिहासिक स्थितिमा उत्पन्न भएको हो र आजको मार्क्सवाद लेनिनवाद कुन ऐतिहासिक स्थितिमा उत्पन्न भएको हो यिनीहरूलाई वास्ता छैन ।

बुद्ध प्रवाह निकाल्दा दुई जनाभन्दा तीन जना अगाडि सरेन । तर उनीहरू भन्दछन् आधार इलाका र लाल फौज आजैदेखि तयार हुनु पर्छ र उनीहरूले तयार गरी लिएका छन् रे ।

उनीहरूको पनि नीति हो कम्युनिष्ट पार्टीमा फुट डाल्नु र आफ्नो सानो गुट बनाई राख्नु र यिनीहरूलाई सबैभन्दा आधुनिक सोभियत विरोधी भन्न सकिन्छ । जहाँ अहिलेसम्मका माओवादी भनाउँदाहरूले जोहन केनेडीको नारा टिपि ‘सोभियत सामाजिक साम्राज्यवाद’ भन्ने नारा दिएर आएका छन्, यी कानपुरका तथाकथित माओवादीहरूले अझ एक कदम अगाडि बढी कार्टरले भन्न चाहे पनि भन्न नसकेको ‘रुसी फासिष्ट’ भन्ने नारा अगाडि बढाएर आफूलाई अमेरिकी साम्राज्यवादको प्रचारक साबित गरेका छन् । राष्ट्रपति कार्टर मानव अधिकारको च्याम्पियनको ढ्वाङ्ग रची समाजवादी मुलुकहरूमा मानव अधिकार छैन भन्ने प्रचारमा लागेका छन् भने यसै कुरोको साकार रूप ‘फासिष्ट रुस’ को यी माओवादीहरूबाट प्रचार सुरु हुन थालेको छ भने निश्चय नै सोच्ने कुरो हुन आउँछ की यी माओवादीहरूको मुखमा अमेरिकी साम्राज्यवादको नारा कति छिटो र कति सजिलोसँग राख्न सकेको हो र कुन चलाखिका साथ अमेरिकी सी.आई.ए. ले माओवादको रूपमा आफ्ना दलालहरू खडा गरी सोभियत विरोधी अभियान चलाएर विश्व कम्युनिष्टहरूलाई टुक्रा-टुक्रा गरी राख्नमा सफल भएका छन् ।

यी नामधारी माओवादीहरूलाई आफ्नो देशमा कसरी छिटोभन्दा छिटो सामाजिक परिवर्तन ल्याउने हो भन्ने कुरोको वास्ता छैन । बरु उल्टो क्रान्तिकारी जनताको ध्यान सही राजनीतिबाट हटाउनको निम्ति तथाकथित माओवादीहरूले रुस पक्ष की चीन पक्ष भन्ने फुट परस्त गलत विचारधारालाई उग्र रूपले अगाडि ल्याएका हुन् । विभिन्न देशको मूल समस्या रुस पक्ष की चीन पक्ष हो भन्ने नभई आफ्नो देशलाई साम्राज्यवाद, उपनिवेशवाद, नव-उपनिवेशवाद र विदेशी पूँजीको चङ्गुलबाट कसरी मुक्त गर्ने हो र साथै सामन्ती व्यवस्थाको जडमूल कसरी उखेल्ने भन्ने हो । यो कार्य रुस आएर वा चीन आएर पूरा गरिदिने होइन । यो कार्य पूरा गर्ने एउटै बाटो हो नेपालको तमाम क्रान्तिकारीहरूले सी.आई.ए. को जालबाट उम्की सर्वहारा अन्तर्राष्ट्रिवादलाई सुदृढ गर्दै सबै भ्रातृ पार्टीहरूको आदर र कदर गर्दै विश्व कम्युनिष्ट एकतामा जोड दिँदै फेरी पनि आफ्नो खुट्टा मजबुत गरी सर्वहारा वर्गको नेतृत्वमा मजदूर किसान एकताको आधारमा व्यापक रूपले संगठित भई राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्नु । यस कार्यमा बाधा दिनेहरूले आफूलाई चाहे रुसवादी भनोस् वा चीनवादी यिनीहरू आफ्नो देशको राष्ट्रिय

प्रजातान्त्रिक क्रान्ति भताभुङ्ग गर्न आएका संशोधवादीहरू हुन् । 'काम कुरो उकातिर कुम्लो बोकी ठिमी तिर' भने झैँ यिनीहरूले आफ्नो देशमा जनक्रान्ति पूरा गर्ने कुरोमा होइन आफूलाई चीनवादी की रुसवादी भन्ने कुरोमा नेपाली जनतालाई अल्मलाएर आफ्नो क्रान्तिकारीता प्रमाणित गर्न चाहन्छन् । यिनीहरूले राष्ट्रिय क्षेत्रमा एकतन्त्री हुकुमत, अन्तर्राष्ट्रिय क्षेत्रमा साम्राज्यवादप्रति आँखा चिम्लेर उनीहरूको दृढताका साथ विरोध गर्ने जरुरत थान्दैनन् । यसरी यिनीहरू सही मानेमा विश्व प्रतिक्रियावादको सेवकहरू मात्र हुन् ।

चीनको घटनाले यस कुरोलाई प्रमाणित गरेको छ कि कसैले आफूलाई माओवादी भन्दैमा उनी क्रान्तिकारी ठहरिँदैन । न त जति सक्यो उत्ति चिच्याएर सोभियत संघको बदनाम गरेर कोही क्रान्तिकारी ठहरिन्छ । चीनमा च्यांग चिंग गुटले आफूलाई माओवादी भनी, माओत्से तुङ्ग विचारधाराको नारा लगाई आफूलाई घोर सोभियत विरोधीको रूपमा पेश गरेका थिए । फेरी पनि उनीहरू क्रान्तिकारी ठहरिएन बरु उनीहरू घोर दक्षिण पन्थी अवसरवादीमा नै गनिएको छ । किन ?

किनभने उनीहरूको राजनीति बिल्कुल गलत थियो । जसको फलस्वरूप चीनले ठूलो नोक्सान उठाउनु पर्‍यो । चीनलाई संसारबाट अलग पार्‍यो । चीनको विकासमा बाधा पुर्‍यायो । सही र गलत छुट्याउने जनताको शक्तिलाई खतम गर्‍यो । हजारौं हजार क्रान्तिमा थपे थप गरिएका नेताहरू र कार्यकर्ताहरूलाई पार्टीबाट हटाएर पार्टीलाई बिसर्जन तिर पुर्‍याई दियो ।

आज चीनको नयाँ नेतृत्वले देश र पार्टीलाई च्याङ्ग चिङ्ग गुटको अराजकतावादी कुप्रभावबाट बचाएर चीनलाई यही शताब्दीको अन्त्यसम्ममा एक विकसित देश बनाई लिने कम्मर कसेका छन् ।

चीनको यो नयाँ कदममा विश्व प्रतिक्रियावाद र आफूलाई माओवादी भन्नेहरू पनि खुसी छैनन् । उनीहरूले भन्न थालेका छन्, 'अब चीनको आजकलको सत्ताधारी नेतृत्वको पतनको साथै चीनको कम्युनिष्ट पार्टी विश्व कम्युनिष्ट आन्दोलनमा नेतृत्वकारी स्थितिमा रहन गएन ।'

आफूलाई माओवादी भन्नेहरूमा देखा परेको यो नयाँ विचारधारा हो । उनीहरूको अर्को भनाई हो, 'रुस र अमेरिका दुबै हाम्रो दुश्मन हो तर सर्वप्रथम रुसलाई खतम गर्नु पर्छ ।' स्पष्ट छ यसकार्य पूरा गर्न उनीहरूले अमेरिकी साम्राज्यवादलाई मद्दत गर्ने हो । र त्यसपछि चीन विरोधी अभियान तीव्र पारी चीनमाथि पनि जाई लाग्न अमेरिकन साम्राज्यवादलाई नै साथ दिने हो र यसरी क्रान्तिकारीताको ढ्वाङ्ग रची विश्व कम्युनिष्ट आन्दोलनलाई बिसर्जन गरेर पठाउने बाटो खोल्ने हो । यही साम्राज्यवादको चाल पनि हो यही १९७८ को मार्च ८ तारिखको खबरअनुसार जापान, अमेरिका र पश्चिमी युरोपका साम्राज्यवादी मुलुकहरू मिली बनेको त्रिपक्षीय कमिसनले गैर-कम्युनिष्ट औद्योगिक

देशहरूलाई रुस र पूर्वी युरोपका देशहरूसँग आफ्नो व्यापारिक र आर्थिक नीतिहरू माथी पुन:विचार गर्न आव्हान गर्दै एक रिपार्टमा भनेको छ, 'भविष्यमा चीन पनि एक भयंकर डरलाग्दो शक्ति हुन सक्छ, तर अहिले रुस चीनको टकरावलाई कायम राख्न लगाई चीनसँगको सम्बन्ध कायम राख्नु पर्छ ।'

सामाज्यवादको यस चाललाई सफल पार्ने कार्य नै यी आफूलाई माओवादी भन्ने नक्कली क्रान्तिकारीहरूले गरिरहेका छन् ।

अर्कातिर एकतन्त्री हुकुमतको अगाडि घुँडा टेकी, पार्टी फुटाई, पार्टीलाई बिसर्जन तिर लगी चीनको बदनाम गरेपछि रुसवादी भए भन्ठान्ने डा. माझी गुटले 'आफ्नो देशमा मजदूर वर्गको राजनीतिक सत्ता कायम गर्नु पर्छ' भन्ने मार्क्सले सिकाएको कम्युनिष्टहरूको पहिलो कार्यबाट मुख मोडि राष्ट्रिय क्षेत्रमा मात्र हैन अन्तर्राष्ट्रिय क्षेत्रमा पनि विश्व साम्राज्यवाद र विश्व प्रतिक्रियावादलाई नै सहयोग पुऱ्याउने काम गरिरहेका छन् ।

स्पष्ट छ, नेपाल कम्युनिष्ट पार्टी रुस वा चीन कुनै पनि भ्रातृ पार्टीको बदनाम गरी विश्व कम्युनिष्ट आन्दोलनमा फुट चर्काउने पक्षमा छैन र हामीहरू भियतनामको अमर क्रान्तिकारी नेता का. हो ची मिन्हको सुझबुझ पूर्ण अन्तिम इच्छालाई पूर्ण रूपले समर्थन गर्दछ जसमा वहाँले विश्व कम्युनिष्ट आन्दोलनको एकतामा जोड दिँदै भनेका छन्, 'हाम्रो पार्टीले भ्रातृ पार्टीहरूको बीच मार्क्सवाद लेनिनवाद र सर्वहारा अन्तर्राष्ट्रियवादको आधारमा बिबेक र आत्मीयता दुबैले युक्त एकतालाई पुन:स्थापना गर्न असरदार तरिकाले योगदान दिनेछ ।'

नेपाल कम्युनिष्ट पार्टीले सुरुदेखि नै अन्तर्राष्ट्रिय क्षेत्रमा विश्व कम्युनिष्ट आन्दोलनको एकता र राष्ट्रिय क्षेत्रमा राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्ने कुरोमा जोड दिएर आएको हो ।

नेपाल कम्युनिष्ट पार्टीको आव्हान छ 'हामी नेपालका तमाम क्रान्तिकारीहरूले सी.आई.ए. को जाल च्याती राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति पूरा गर्न एक जुट भएर अगाडि बढौं ।'